# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भेरिगंगा नगरपालिका
## सुर्खेत

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भेरिगंगा नगरपालिका
## सुर्खेत

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भेरिगंगा नगरपालिका

सुर्खेत

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुकोसमेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१
च.नं. ८५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
भेरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत ।

१. **कैफियतसहितको राय** - हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.९ करोड २३ लाख ३९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिकृयाबाट रु.२ लाख १० हजार फस्योंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड ३ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ५५ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.४ करोड २ लाख ५७ हजार र पेश्की बाँकी रु.१ करोड ५९ लाख ३९ हजारसमेत रु.९ करोड २१ लाख २९ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु.३४ करोड २१ लाख २२ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४३ करोड ४२ लाख ५१ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ

(पशुपति कुमार काफ्ले)

**नायव महालेखापरीक्षक**

भेरीगंगा नगरपालिका,

सुर्खेत,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | प्रतिकृयाबाट कायम बेरुजु | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८३ | २६७ | ९२३३९ | ० | २ | २१० | ० | ८३ | २६५ | ९२१२९ | १०३७५ | ४०२५७ | २५५५८ | ० | ० | ६५८१५ | १५९३९ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सुर्खेत | ३४२१२२ | ० | ० | ३४२१२२ | ० | ९२१२९ | ४३४२५१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ६५ | कर्मचारी प्रोत्साहन भत्ता | २१० |
| | चालु वर्षको जम्मा | | | २१० |
| | गत विगत वर्षतर्फको | | | ० |
| | कुल जम्मा | | | २१० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** परिचय—स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस भेरीगंगा नगरपालिका अन्तर्गत १३ वडा, ६९ सभा सदस्य, २५६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४८ हजार २ सय ३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१० देखि २०८०।१०।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा

पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय — व्ययतर्फ रु.१ अर्व ८२ करोड ९४ लाख ४७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| प्राप्तीभुक्तानी हिसाव | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ९२०४०९२२५.१३ | ७०१८९०४९२.०१ | | ७०१८९०४९२.०१ | ६७६५८२८८१.६५ | | ६७६५८२८८१.६५ |
| **क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ८७४८९९५२२.७४ | ६४१४६०२६४.०७ | ० | ६४१४६०२६४.०७ | ६६४३२२९७८.६५ | ० | ६६४३२२९७८.६५ |
| ११००० कर | ११ | १४२८८५९७९. | १०७६०९००९.७४ | ० | १०७६०९००९.७४ | १३०३७१६७३.५९ | ० | १३०३७१६७३.५९ |
| १३०००अनुदान | | ५८८४०५८५०. | ५२१०३८७९२.६३ | ० | ५२१०३८७९२.६३ | ५१६८६७४१९. | ० | ५१६८६७४१९. |
| संघीयसरकार | १२ | ५२०९१८८५०. | ४६०५०८९९५.६३ | ० | ४६०५०८९९५.६३ | ४८९६१४९४०. | ० | ४८९६१४९४०. |
| प्रदेशसरकार | १२ | ६७४८७०००. | ६०५२९७९७. | ० | ६०५२९७९७. | २७२५२४७९. | ० | २७२५२४७९. |
| १४००० अन्यराजस्व | | १८९०८८००. | ८६५९८७९.९ | ० | ८६५९८७९.९ | १७०८३८८६.०६ | ० | १७०८३८८६.०६ |
| १५०००विविध प्राप्ति | | ३०००००. | ४१५२५८१.८ | ० | ४१५२५८१.८ | ० | ० | ० |
| ३२०००वित्तीय सम्पत्ति | | १२४३९८८९३.७४ | ० | ० | ० | ० | ० | ० |
| ख. अन्यप्राप्ति | | ४५५०९७०२.३९ | ६०४३०२२७.९४ | | ६०४३०२२७.९४ | १२२५९९०३. | | १२२५९९०३. |
| वितरण गर्नबाकी राजस्व | | ० | १०२८६३४५.५ | ० | १०२८६३४५.५ | ० | ० | ० |
| कोषहरु | | ४५५०९७०२.३९ | ४९४३८८८२.४४ | ० | ४९४३८८८२.४४ | १२१९९९०३. | ० | १२१९९९०३. |
| धरौटी | | ० | ७०५०००. | ० | ७०५०००. | ६०,०००.०० | ० | ६०,०००.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ९२०४०९२२५.१३ | ७६९४७२९३१.०८ | | ७६९४७२९३१.०८ | ६४५५६८९७३.३३ | | ६४५५६८९७३.३३ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ८७४८९९५२२.७४ | ७४०५२१२४८.७१ | | ७४०५२१२४८.७१ | ६३२९४९६६८.३३ | | ६३२९४९६६८.३३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २९७७७९९८६. | २७२७८०८७७.०३ | ० | २७२७८०८७७.०३ | २२५८३९०३२.७९ | ० | २२५८३९०३२.७९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ३६२१६०६३९.७४ | २९८७३९२७४.२३ | ० | २९८७३९२७४.२३ | १८४७४८५०६.४८ | ० | १८४७४८५०६.४८ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ७१६८७०५. | ० | ७१६८७०५. |
| २७००० सामाजिक सुरक्षा | १८ | ५५०००००. | ४८५९९३३. | ० | ४८५९९३३. | ८२९६९६८.५ | ० | ८२९६९६८.५ |
| २८००० अन्य खर्च | १८ | २३५००००. | १८३०२३२. | ० | १८३०२३२. | ४४९५१४४. | ० | ४४९५१४४. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०७१०८८९७. | १६२३१०९३२.४५ | ० | १६२३१०९३२.४५ | २०२४०१३११.५६ | ० | २०२४०१३११.५६ |
| ३३००० दायित्व | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्यभूक्तानी | | ४५५०९७०२.३९ | २८९५१६८२.३७ | | २८९५१६८२.३७ | ६४५५६८९७३.३३ | | ६४५५६८९७३.३३ |
| कोषहरु | | ४५५०९७०२.३९ | २५२३९२३०.३७ | ० | २५२३९२३०.३७ | १०९७८११५. | ० | १०९७८११५. |
| धरौटी | | ० | ६४७१५८. | ० | ६४७१५८. | १६४११९०. | ० | १६४११९०. |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी | | | ३०६५२९४. | | ३०६५२९४. | | | |
| ङ. योवर्षको बचत (न्युन) | | | -६७५८२४३९.०७ | | -६७५८२४३९.०७ | ३१०१३९०८.३२ | | ३१०१३९०८.३२ |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३६८१८६३९.२९ | | १३६८१८६३९.२९ | १०७७७०५९६.६४ | | १०७७७०५९६.६४ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | | | ६९२३६२००.२२ | | ६९२३६२००.२२ | १३८७८४५०४.९६ | | १३८७८४५०४.९६ |
| बैंक तथानगद बाकी | २४ | | ६६७२७१०७.२२ | | ६६७२७१०७.२२ | १४२७७८७३०.९६ | | १४२७७८७३०.९६ |

२.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्रासि र

भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१७,४६,३७,५३९।५३ र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.४,६५,०००।० प्रदेश तर्फ उद्दार, राहत तथा पुनर्स्थापान खर्च रु.१२,७२,०००।० र सामाजिक विकास मन्त्रालय(३५००००११४) रु.१४,१२,५३२।० समेत गरी रु.१७,७७,८७,०७१।५३ उक्त आर्थिक विवरणमा समावेश छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्रमार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१३३९६५९६८।२४ मौज्दात रहेकोमा यो वर्ष रु.१३,६८,१८,६३९।२९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२८५२६७१।०५ बढी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्नु पर्दछ ।

२.३ **कर दायित्व —** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.३०,६५,२९४।० देखाएको छ । यस सम्बन्धमा पालिकाले एकिन दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| **प्रमाण पेश नगरेको** | **३०,६५,२९४** |

२.४ **विभाज्य कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम सम्बन्धित् सञ्चित कोष खातामा ट्रान्सफर गर्नुपर्ने व्यवस्था छ ।वर्षान्तमा पालिकाको विभाज्य कोष खातामा रु.१ करोड २ लाख ८६ हजार ३ सय ४५ मौज्दात देखिएको छ ।उक्त रकम प्रदेश सञ्चित कोषमा ४० प्रतिशत तथा स्थानीय संचित कोषमा ६० प्रतिशत ट्रान्सफर गर्नुपर्दछ ।

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाताकोप्रकार | श्रेस्ता अनुसार बाकी रु | बैक स्टेटमेन्ट भिडान | फरक |
|---|---|---|---|
| , | ०.०० | ०.०० | ०.०० |
| ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ९४५४६४०.३१ | ९४५४६४०.३१ |
| ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ८८५५४५७.४१ | ८८५५४५७.४१ |

| | | | |
|---|---|---|---|
| ग २.७, विविध खर्च खाता | ३०६१३४००.०६ | ३४८६१५२३.०४ | ४२४८१२२.९८ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | २७१६१८३.०६ | २७१६१८३.०६ | ०.०० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २२६१३५०३.१० | २३२९७४२७.९४ | ६८३९२४.८४ |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | १०२८६३४५.५० | १०२८६३४५.५० | ०.०० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४९७६७५.५० | ४९७६७५.५० | ०.०० |
| | ६६७२७१०७.२२ | ८९९६९२५२.७६ | २३२४२१४५.५४ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरेको पाइएन । श्रेस्ता अनुसार बाँकी मौज्दात रु.६,६७,२७,१०७।२२ र बैक अनुसार रु.८,९९,६९,२५६।७६ देखिएकोमा स्रेस्ता भन्दा बैक मौज्दात रु.२,३२,४२,१४५।५४- वढी मौज्दात देखिएकोमा सम्बन्धमा स्रेस्ता र बैङ्कबीच हिसाब एकिन गर्नुपर्दछ।

३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि तोकिए बमोजिम कार्य भएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही

ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री धनसरा बोहोराले मिति २०७९।०३।१० गते रु ६७ करोड ५ लाख ८१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१० योजनामा वजेट विनियोजन गरेको छ ।

| विवरण | ५ लाख भन्दा कम | रु.५ लाख देखि २० लाखसम्मका | २० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|
| पालिका | ६१ | ३१ | १२ | १०४ |
| वडा | १९५ | ११ | ० | २०६ |
| जम्मा योजना संख्या | २५६ | ४२ | १२ | ३१० |
| कार्यान्वयन नभएको योजना | ४ | १ | १ | ६ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३१० योजनामात्र कार्यान्वयन भई ६ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

८ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य

तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | चौथो चौमासिक | |
| १ | पूँजिगत खर्चतर्फ | १६,२३,१०,९३२ | ४८,०५० | ७८,०१,९०४ | २,८०,४०,०२९ | १२,६४,२०,९४९ | ७,२५,४७,२९३ |
| | प्रतिशत | १०० | ०.०३ | ४.८१ | १७.२७ | ७७.८९ | ५७.३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रू.१६ करोड २३ लाख १० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.४८ हजार अर्थात ०.०३ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.७८ लाख १ हजार अर्थात ४.८१ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. २ करोड ८० लाख ४० हजार अर्थात १७.२७ प्रतिशत र चौथो त्रैमासिकमा रु.१२ करोड ६४ लाख २० हजार अर्थात ७७.८९ प्रतिशत खर्च गरेको देखिएको छ । भने असार महिनामा मात्र रु ७ करोड २५ लाख ४७ हजार अर्थात चौथो चौमासिक खर्चको ५७.३८ प्रतिशत खर्च देखिएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

९ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तिरक आय १ करोड ७१ लाख ६८ हजार राजस्व बाँडफाँड रु.९ करोड ९१ लाख , अनुदानबाट रु.५२ करोड ५१ लाख ९० र अन्य आय रु.२३ करोड ८२ लाख १७ हजार समेत रु ८७ करोड ९६ लाख ७७ हजार आम्दानी भएकोमा चालुतर्फ रु.५८ करोड ०७ लाख १९ हजार र पुँजीगततर्फ रु.१६ करोड २३ लाख १० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ८९ लाख ६४ हजार खर्च भएको छ जुन आन्तरिक आयको ५२.२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु ७८.१६ र पुंजीगत २१.८४ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१० **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ ऐन, नियमावली ३ कार्यविधि २२ लगायत ५० कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ५० कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेर राजपत्रमा प्रकाशन गरेको छ।

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ५,१६,४१,३९३ | ३,११,४२,५७२.५० | ४.२१ |
| २ | पूर्वाधार विकास | १५,५५,७५,४८२.२ | १२,३०,५३,१५७.४५ | १६.६१ |
| ३ | सामाजिक विकास | ३८,७५,३२,३३४ | ३४,१०,१२,५१५.७२ | ४६.०५ |
| ५ | सुशासनतथाअन्तरसम्बन्धितक्षेत्र | ४१३९४६२९ | ३१५५२९४१.०५ | ४.२६ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २३८७५५६८४.५ | २१३७६००६१.९९ | २८.८७ |
| | | | जम्मा | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास सबैभन्दा बढी ४६.०५ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४.२१ प्रतिशत रहेको छ ।

१२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। पालिकाबाट भुक्तानीमा बीलभर्पाइ वेगर भुक्तानी गर्ने, सिधै भुक्तानी गर्न सकिने काममा पेश्की लिने, विभिन्न कार्यक्रमका लागि एकमुष्ट पेश्की दिने, बिल भन्दा बढी भुक्तानी लिने, खरिद तथा कार्यक्रम संचालन लागत अनुमान तयार नगर्ने, खरिद ऐन तथा नियमावली पालना नगरी खरिद कार्य गर्ने, खरिद भएका मालसान दाखिला नगर्ने, चालु खर्चको बेमनासिव तथा अनाबश्यक खर्च गर्ने जस्ता आर्थिक अनुशासन पालना नहुने गरी खर्च लेखेको देखिएकोले नियन्त्रण सन्तुलन प्रणाली कमजोर देखिएको छ । पालिकाले कार्य प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कृयाकलाप प्रति विश्वस्त हुने आधार तयार गर्नु पर्दछ । तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१३ **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४ | ४ |

| | | |
|---|---|---|
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | १६२० | १६२० |
| मृत्युदर्ता | २९९ | २९९ |
| बसाईसराई दर्ता | ४६७ | ४६७ |
| विवाह दर्ता | ५८७ | ५८७ |
| सम्वन्ध विच्छेद | ५६ | ५६ |
| पूर्वाधार विकास सडक निर्माण | ० | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा को विवरण लेखापरीक्षणको क्रममा पेश भएन ।स्थानीय सरकारले गर्नुपर्ने मुख्य काम मध्ये सहरी विकासका लागि आवश्यक घर नक्सा पास तथा पूर्वाधार सम्बन्धी अभिलेख व्यवस्थित नगरेबाट लेखापरीक्षणका लागि माग भएको विवरण समयमा उपलव्ध हुन नसकेकव अवस्था छ । यसमा पालिकाले सुधार गर्नुपर्दछ।

१४ **शासकीय संगठन र कर्मचारी व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा हालसम्म ४४ मात्र पदपूर्ति भएको पाइयो । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ पालिकाले कुल कर्मचारी दरबन्दी पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१५ **तलबी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९ को दफा ७(२ख) मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकामा कार्यरत कर्मचारीहरुको रु.३,२५,९०,३१८/- तलव खर्च लेखेकोमा तलव प्रतिवेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१६ **स्थानीय भत्ता -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलमा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने प्रावधान छ। पालिकाले यो वर्ष भ्रमणमा रहेको अवधिमा स्थानिय भत्ता कट्टा गरेको देखिएन। पालिकाले छानविन गरी दैनिक भत्ता उपयोग गरेको अवधिको स्थानीय भत्ता असुल गर्नुपर्दछ ।

१७ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण

गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१८ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१९ **जिन्सी अभिलेख -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालीकाले आर्थिक बर्षमा कम्तिमा एक पटक जिन्सी निरिक्षण गरी गराइ प्रतिबेदन लिइ प्रतिबेदनमा औंल्याएका ब्यहोरा उपर कारबाही गरी जिन्सी स्रेस्ता अध्यावधिक गरी राख्नु पर्नेमा जिन्सी मौज्दातको विवरण तयार नगरेको, जिन्सी श्रेस्तामा सबै जिन्सी नचढाएको लेखा शाखामा दाखिला नम्बर उल्लेख गरी दाखिला प्रतिवेदन पेश गरेता पनि जिन्सी किताब नचढाएको, जिन्सी लेजर प्रमाणित नभएकोले यस वर्ष कार्यालयले खरिद गरी भुक्तानी गरेका सबै जिन्सीको सम्बन्धमा लेखापरीक्षणमा अधुरो जिन्सी लेजर पेश भएकोले सबै जिन्सी दाखिला भएको र खर्च जनाएको सबै जिन्सी वास्तविक खर्च हो भन्न सकिएन। नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गरी पेश गर्नु पर्दछ ।

२० **ल्यापटप हस्तान्तरण** - (३/२०८०-३-२४)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले आधारभूत विद्यालय तहमा एक विद्यालय, एक ल्यापटप र प्रिन्टर खरिदका लागि रु.५ लाख ५० हजार बजेट विनियोजित गरी मंगलदीप मल्टि विजनेश प्रा.लि.बाट २०८०।०३।०४ मा ५ थान ल्यापटप खरिद गरी रु.४,६७,४९९/- भुक्तानी गरेको छ । पालिकाले उक्त ५ थान ल्यापटप पालिकाको जिन्सी दाखिला गरी २०८०।०३।१९ मा विद्यालयलाई हस्तान्तरण गरेकोमा विद्यालयले प्राप्त गरेको, विद्यालयको जिन्सी खातामा दाखिला गरेको नदेखिएकोले उक्त ल्यापटप विद्यालयको जिन्सी खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६७,४९९ |

२१ **आर्थिक सहायता** - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.४५ लाख आर्थिक सहायता र आगलागी, हावाहुरी, बाढी पहिरो पिडितलाई रु.२८ लाख ८२ हजारगरी जम्मा रु.७३ लाख ८२ हजार वितरण गरेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । साथै सो रकम वितरणको लागि पुस्कर आचार्यलाई रु.३५ लाख ९६ हजार भुक्तानी भएकोमा प्रमाण कागजात पेश नभएकोले प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,९६,००० |

२२ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष अतिथी सत्कार तथा विविधतर्फ मात्र रु.२४ लाख खर्च गरेको छ । पालिकामा हुने यस्ता किसिमका खर्च नियन्त्रण गर्नुपर्दछ ।

२३ **भ्रमण खर्च** - कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२४ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४)) अनुसार पेश्की लिने व्यक्ति, संस्थाले काम सम्पन्न भएको पन्ध्र दिन भित्र विल भरपाई सहित पेश्की फस्यौंट गर्नुपर्नै त्यस्तै सार्वजनिक

खरिद नियमावली, २०६४ को नियम ११३ सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फस्योंट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम जफत गरी पेश्की फस्योंट गर्नुपर्ने र निजबाट त्सस्तो रकमको सयकडा १० प्रतिशतका दरले व्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु.३,४८,४५,८४६।० पेश्की दिएकोमा म्याद ननाघेको पेश्की रु.१,८९,०६,६९२।० र म्याद नाघेको रु. १,५९,३९,१५४।० पेश्की फस्योंट गरेको देखिएन । कानून अनुसार असुल फस्योंट गर्नुपर्ने रु...........

| क्र.सं. | पेश्कीलिने व्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको पेश्की | म्याद ननाघेको पेश्की | कैफियत |
|---|---|---|---|---|
| १ | धनबहादुर खत्री | ४५००० | ० | ४५००० |
| २ | नेत्रबहादुर देवकोटा | १५०००० | ० | १५०००० |
| ३ | मानबहादुर रावत | ५१५००० | ० | ५१५००० |
| ४ | शेरवहादुर (सार्कि) | २४०००० | ० | २४०००० |
| ५ | नेत्रबहादुर देवकोटा | ३७५००० | ० | ३७५००० |
| ६ | एकराजखत्री | १५०००० | ० | १५०००० |
| ७ | कुलबहादुर खड्का | १५०००० | ० | १५०००० |
| ८ | चित्राकुमारी डागी | १८०००० | ० | १८०००० |
| ९ | धनबहादुर सुनार | १५०००० | ० | १५०००० |
| १० | मेनकाढकाल | १५०००० | ० | १५०००० |
| ११ | मोतीलालप्रसाद | २००००० | ० | २००००० |
| १२ | भोजप्रसाद चपाई | ४०००० | ० | ४०००० |
| १३ | प्रकाशपौडेल | १४७९०४ | ० | १४७९०४ |
| १४ | ग्राण्डडिजाईन एण्ड कन्सट्रक्सन प्रा लि | ० | ७९८७५०० | ७९८७५०० |
| १५ | इन्द्रधनुअछाम निर्माण सेवा | ० | ९५९३१९२ | ९५९३१९२ |
| १६ | पूर्णनिर्माण सेवा | ० | १३२६००० | १३२६००० |
| १७ | श्रीरामजानकी मन्दीर तथा बृद्दाश्रम | ५०००० | ० | ५०००० |
| १८ | श्रीजीवन ज्योती नमुना मा.वि. दशरथपुर | १००००० | ० | १००००० |
| १९ | नेपालराष्ट्रिय आधारभुत विद्यालय अवलपराजुल भेरीगंगा ३ | ४५०००० | ० | ४५०००० |
| २० | श्रीप्रभात माध्यमिक विद्यालय | ९००००० | ० | ९००००० |

| | | | | |
|---|---|---|---|---|
| २१ | श्रीविश्वकर्मा बाबा कृषि तथा पशुपालन स.स.ंलि. | ६७९५ | ० | ६७९५ |
| २२ | श्रीविश्वकर्मा बाबा कृषि तथा पशुपालन स.स.ंलि. | ८२०५ | ० | ८२०५ |
| २३ | श्रीसामुदायिक माध्यामिक विद्यालय | ९००००० | ० | ९००००० |
| २४ | नेपालराष्ट्रिय आधारभुत विद्यालय अवलपराजुल भेरीगंगा ३ | ६००००० | ० | ६००००० |
| २५ | श्रीजनज्योति माध्यमिक विद्यालय झिङ्गनी सुर्खेत | ७६०००००० | ० | ७६०००००० |
| २६ | नेपालराष्ट्रिय आधारभुत विद्यालय अवलपराजुल भेरीगंगा ३ | १९०००००० | ० | १९०००००० |
| २७ | श्रीदेउती प्रा वि सालघारी | ८३१२५० | ० | ८३१२५० |
| २८ | भेरीगंगा संचार केन्द्र | १००००० | ० | १००००० |
| | जम्मा | १५९३९१५४ | १८९०६६९२. | ३४८४५८४६ |

| | |
|---|---|
| पेश्की | १,५९,३९,१५४ |

२५ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च(रु हजारमा) | आन्तरिक आय(रु हजारमा) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५२५१९० | १७१६८ | ३.२६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.२६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२६ **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ घरजग्गा बहाल कर वापत अनुमानित रु.१३ करोड ६५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.१ करोड ४१ लाख २९ हजार अर्थात अनुमान भन्दा १०.३५ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका स्रोत तथा पालिकाको आर्थिक ऐनमा उल्लेख हुने कर आधार समेको आधारमा आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने र राजश्वको अनुमान गर्दा यथार्थता तर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

२७ **राजश्व अभिलेख -** राजस्व संकलन गर्ने कार्यालयले महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तोकिएका फारमहरु प्रयोग गर्नु पर्दछ । पालिकाको लेखा शाखाले आम्दानी गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग

बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ ।

२८ **रसिद नियन्त्रण खाता -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको रसिद बाँकी के कति छन एकिन गर्न सकिएन । पालिकाले रसिद नियन्त्रण खातामा रसिद ठेलिहरु समेत कार्यालयको अभिलेखमा नभेटिएको अवस्था छ । नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको देखिंदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गरी रकम भिडान गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

२९ **राजश्व दाखिला -** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । पालिका, त्यस अन्तर्गतका १३ वटा वडा पालिकाबाट प्राप्त गरेको रु. १,४१,२९,४८० राजश्व रकम प्राप्त भएकोमा ऐनको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको सम्बन्धमा तँहा कार्यालयले छानविन गरी, नियमानुसार हर्जना रकम असुल गर्नुपर्ने देखिन्छ । वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा पालिकाले विशेष ध्यान दिई राजस्व प्रणालीलाई स्वचालित बनाई राजस्व व्यवस्थापनमा सुधार गर्नु पर्दछ ।

३० **बोलपत्र फाइल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले बोलपत्रमार्फत खरिद कार्य गर्दा सोको पूर्व तयारी, लगात अनुमान देखि कार्य सम्पन्न भएसम्मका कागजात संलग्न गरी पञ्जिका सहित बोलपत्र फाइल तयार गरी सम्पूर्ण क्रियाकलाप खुल्ने गरी खरिद कार्यको फाइल सुरक्षित राख्नु पर्ने व्यवस्था गरेको छ ।पालिकाले बोलपत्रका फाइलहरु नियमको उक्त व्यवस्था बमोजिम तयार गरी पञ्जिका सहित अभिलेख राखेकव छैन ।खरिद कार्यको अभिलेख व्यवस्थित नहुँदा खरिद अभिलेख कमजोर भई तोकिएको समयमा पूर्ण विवरण दिन सक्ने अवस्था छैन । खरिद कार्यमा भएका सम्पूर्ण क्रियाकलाप समेटीने फाइल तयार गर्नुपर्दछ ।

३१ **उपभोक्ता समिति परिचालन -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वयनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति

मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न ३०२ योजनामा उपभोक्ता समिति परिचालनमार्फत रु.९ करोड ८५ लाख २६ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

३१.१ **निर्माण लगत** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामका समेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

३१.२ पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३१.३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

३१.४ **हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन

उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्व घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

३१.५ **सार्वजनिक सूचना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

३२ **कन्टिन्जेन्सी खर्च व्यवस्थापन** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत सम्म समावेश गर्न सकिने व्यवस्था छ। पालिकाले कन्टिन्जेन्सी बापत रकम कट्टा गरी खर्च गरे पनि योजनागत विवरण देखिने गरी अभिलेख राखेको छैन। कन्टिन्जेन्सी खर्चको अद्यावधिक अभिलेख राखी खर्च गर्ने व्यबस्था हुनु पर्दछ।

३३ **कन्टिजेन्सीबाट अन्य खर्च** - सम्बन्धित योजनाकामा प्रशासनिक खर्चका लागि नियमानुसार वर्क स्टाफ चार्ज लगायतका लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च कट्टा गरी खर्च गर्न सकिने कानूनी व्यवस्था छ । पालिकाले गणेश स्मृति प्रतिष्ठान भवन निर्माणबाट कट्टा भएको कन्टिन्जेन्सी रकम सम्बन्धित योजनामा खर्च नगरी निम्ननानुसार खर्च गरेकोले पालिका चालुबाट खर्च गर्नुपर्ने रकम कन्टिन्जेन्सीबाट भुक्तानी दिन नमिल्ने देखिएकोले प्रदेश सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

| विवरण | भुक्तानी रकम |
|---|---|
| युव मिडिया हव कोहलपुर बाँके सम्बोधन विशेष कर्णाली | ८४७५ |
| दर्शन कर्णाली भेरी गंगाको जनहितमा जारी सुचना | १४७७४ |
| हाम्रो नयाँ नेपाल दैनिक (जिल्ला प्रशासन कार्यालय) सुचना | १५००० |
| टपरी चुल्हो रेष्टुरेन्ट (कानुन संबन्धी तालिम) खाजा खर्च | १२००० |
| कर्णाली मिडिया सेन्टर (सडक बोर्ड सुचना) | ५२२०६ |
| युना अटो वर्क सप | ३५४०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३७,८५५ |

३४ **सीमा भन्दा बढी कन्टिन्जेन्सी खर्च** - सम्बन्धित योजनाका बोलपत्र कागजात लागत अनुमान सूचना प्रकाशन अनुगमन मुल्याङ्कन लगायत सम्बन्धित योजनाको प्रशासनिक खर्चका लागि नियमानुसार वर्क स्टाफ चार्ज

लगायतका लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च कट्टा गरी खर्च गर्न सकिने कानूनी व्यवस्था छ । पालिकाले गणेश स्मृति प्रतिष्ठान भवन निर्माणमा कुल रु.२३,०८,२७०/- खर्च भएकोमा सो को कन्ट्रिजेन्सी रु.९२,३३०/- खर्च गर्न सकिनेमा रु.२,०१,५००/- खर्च गरेकोले तोकिए भन्दा बढी खर्च गरेको रु.१,०९,१६९/- प्रदेश सञ्चितकोष फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०९,१६९ |

३५ **निर्माण कामको बिमा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित कुनै पनि निर्माण तथा वस्तु खरिदमा बिमा गराउने प्रचलन शुरुवात नै गरेको छैन । वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाई वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

३६ **परामर्श तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|
| भेरीनदी, छिन्चु, मुरली, डुगी, कालापानी, मोहटी खोलाहरु नदीजन्य पदार्थको उत्खनन् निकासीको IEE | सक्रिय परामर्श सेवा प्रा.लि. | २२६००० |
| हर्रे-मरिराम रोड प्रोजेक्ट | आरम्भ ईन्जिनियरिङ्ग एण्ड डेभलेपमेण्ट | ३९९५०० |
| **जम्मा** | | **६२५५००** |

३७ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

३८ **पाईप खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले भुक्तानी दिँदा नापी किताव तथा कार्य सम्पादान भएको प्रमाणका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले छिन्चु खानेपानी योजनाका लागि पाईप खरिद गर्न स्टारपोली पाईप इन्डस्ट्रिज प्रा.लि. सँग रु.२३,९९,८८८।० सम्झौता गरी भुक्तानी भुक्तानी भएको छ । उक्त खरिद गरेको पाइपको जडान भएको प्रमाण पेश भएको छैन । उक्त पाईप जडान भएको प्रमाण पेश हुनुपर्ने रु........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,९९,८८८ |

३९ **प्रशासकीय भवन** - पालिका सञ्चालनका लागि भवन निर्माण गर्न मूल्य अभिवृद्धि करबाहेक रु.७ करोड ४४ लाख १४ हजारको लागत अनुमान तयार गरी वोलपत्र (NCB/Work/०७९/८०/३) भएकोमा सवैभन्दा न्यून सारभुत प्रभावकारी निर्माण व्यवसायी इन्द्रधनु/अछाम निर्माण सेवासँग मूल्य अभिवृद्धि कर बाहेक रु.६ करोड ५२ लाख ८५ हजार १ सय ६२ मा २४ महिना भित्र कार्य सम्पन्न गर्न २०८०।१।१० मा सम्झौता गरी रु.९५ लाख ९३ हजार १ सय ९२ पेश्की दिएको छ । भवन निर्माण सम्बन्धमा देखिएको व्यहोरा निम्न अनुसार छन्:

३९.१ **गुणस्तर आश्वस्तता** - निर्माण व्यवसायीसँग भएको संम्झौताको सामान्य शर्तमा निर्माण कार्यको गुणस्तर कायम गर्नका लागि कार्यमा प्रयोग गुणस्तर कायम गर्नका लागि निर्माण कार्यमा प्रयोग गरिने निर्माण सामाग्री गुणस्तरीय भए नभएको लगायत निर्माण भएको आरसिसि समेतको गुणस्तर परीक्षण गर्ने कर्तव्य निर्माण व्यवसायीको हुने उल्लेख भएकोमा उक्त योजना पेस भएको देखिएन । गुणस्तरीय निर्माण कार्यका लागि गुणस्तर आश्वस्थता योजना (क्वाप) पेस गर्न लगाई गुणस्तर आस्वस्थता कायम गर्न निकायको ध्यान जानुपर्दछ ।

३९.२ **मूल्य समायोजन -** पालिकाले भवन निर्मण कार्यको लागत अनुमान स्वीकृत गर्दा मूल्य समायोजनको लागि १० प्रतिशतको व्यवस्था गरेकोमा निर्माण व्यवसायीसँगको सम्झौतामाको SCC को GCC ५३. ७ मा मूल्य समायोजनको अधिकतम संझौता रकमको २५ प्रतिशत सम्म भुक्तानी हुने गरी संझौता भएको छ । लागत अनुमानमा भएको भएको व्यवस्थालाई संम्झौतामा कार्यान्वयन गरेको देखिएन ।

४० **भवन निर्माण निकासा** - भवन निर्माण निकासा शिक्षा तथा मानव स्रोत विकास केन्द्र कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० को ८.२,घ) मा स्थानीय तहबाट अनुसूची ८ मा दिइएको ढाँचामा विद्यालयबाट निर्माण समय तालिका निर्माण गराई सो अनुसार निर्माण कार्य गरी, विद्यालयहरूले आर्थिक वर्षको जेष्ठ मसान्तसम्ममा कार्य सम्पन्न गरी सो को जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनुपर्ने र त्यसरी भवन निर्माण सम्पन्न गर्ने विद्यालयहरूले आषाढ १५ सम्ममा कार्य सम्पन्न प्रतिवेदन तयार तथा प्रमाणित गरी एक प्रति स्थानीय तह र एक प्रति सम्बन्धित विद्यालयमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ।पालिकाले निम्न विद्यालयलाई समयमा निर्माण कार्य गर्न नलगाई आर्थिक वर्षको अन्त्यमा तोकिएको वजेटबाट भुक्तानी दिन बाँकी रकम बिल भर्पाई वेगर खर्च जनाई सम्बन्धित विद्यालयलाई पठाएको छ ।हालसम्म (२०८० माघ)विद्यालय निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन । समयमा निर्माण सम्पन्न नगरी विलभरपाई वेगर खर्च लेख्ने पदाधिकारी र सिफरिस गर्ने प्राविधिकलाई जिम्मेवार प्रदेश सरकारको सशर्त अनुदान रु.१४ लाख समेत रु.५१,८४,९८०/- सम्झौता अनुसारको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | भुक्तानी रकम |
|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय अवलपराजुल | ११९३६१ |
| २ | श्री सूर्यज्योति माध्यमिक विद्यालय हर्रे | १९५१३२५ |
| ३ | श्री प्रभात माध्यमिक विद्यालय थानीचौर | १३५०००० |
| ४ | श्री सामुदायिक माध्यमिक विद्यालय मोहीटी | १७६४२९४ |
| | **जम्मा रु** | **५१८४९८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,८४,९८० |

४१ **जस्तापाता खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले भुक्तानी दिँदा नापी किताव तथा कार्य सम्पादान भएको प्रमाणका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले दिक्षा एण्ड दिलिप कन्स्ट्रक्सनबाट ६५ वण्डल जस्तापाता खरिद गरी रु. ८,४९,१९५।०भुक्तानी गरेको छ । उक्त जस्ता पाता वडा नं. ३ र ४ लाई क्रमश ३८ र २७ बण्डल हस्तान्तरण गरेको भएता पनि उक्त जस्तापाताको कार्यसम्पन्न प्रतिवेदन पेश भएको छैन । उक्त प्रतिवेदन पेश हुनुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४९,१९५ |

४२ **विशेष अनुदान** - विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को ३ मा विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधार तोकिएको छ । शैक्षिक विकाश आधारभुत स्वास्थ्य आर्थिक सामाजिक रुपले पछाडि रहेका वर्ग समुदायको उथ्थान वा विकासका लागी लक्षित कार्यान्यन खाद्य सुरक्षा लगायतमा खर्च गर्ने अनुसूची बमोजिम प्रस्ताव पास भएको आधारमा निकासा दिन सक्ने व्यबस्था छ । पालिकाको उपप्रमुख स्वरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७८ को ५ मा समुदायमा लक्षित कार्यक्रमहरु संचालन गर्न आवश्यकता अनुसार वस्तुगत टेवा र उद्योग व्यबस्थापनका लागी अनुदान वितरण गर्न सकिने व्यबस्था छ । पालिकाले यस बर्ष संघीय सरकारबाट रु.७० लाख र पालिकाबाट रु.२४ लाख खर्च भएकोमा बाख्रा वितरण, खोरको सुधार, च्यापकटर मेसिन वितरण लगायतमा खर्च गरेको छ । विगत ४ बर्ष देखि संचालित कार्यक्रमको अनुगमन मुल्यांकन गर्ने गरेको छैन । कार्यक्रमको निरन्तरता गर्नु अगावै सो को समीक्षा गरी कार्यक्रमको प्रभावकारीताको आधारमा मात्र अनुगमन निरन्तरता दिने विषयमा निर्णय गर्नु पर्दछ ।

४३ **जेसिस भवन** - पालिकाले जेसिस भवन निर्माणका लागि मूल्य अभिबृद्धि कर तथा प्रोभिज्नल सम वाहेक रु.१६,३७,५७४/- को लागत अनुमान भएको निर्माण कार्य रु.८,८९,३९७।१० मा २०७९।३।३० मा कार्य सम्पन्न गर्ने गरी न्यू पव्लिक कन्स्ट्रक्सन सँग २०७८।११।२६ मा सम्झौता भएको देखियो । निर्माण व्यवसायीले २०७९।३।१९ मा कार्य सम्पन्न गरी भुक्तानीको लागि निवेदन पेश भएकोमा पालिकाले २०७९।५।१० मा विविध कोषबाट भुक्तानी गरेको देखियो । सो भवनको पहिलो तला ढलानको कार्य निर्माण व्यवसायीमाफर्त भएको देखिन्छ । बाँकी कार्य रुममा माटो फिलिङ तथा स्टोन सोलिङ, फ्लोरमा पिसिसिको कार्य र कम्पाउण्ड वालको काम कोटेशनबाट गराएको रु.८,३९,२३६।- समेत यस वर्ष रु.१६,३०,२५४/- उक्त फर्मलाई यसवर्ष भुक्तानी दिएको छ । सो भवन हालसम्म कार्य सम्पन्न गरेको छैन । उक्त भवनको एकमुष्ट लागत अनुमान तयार नगरी सोझै खरिद विधिबाट सोही निर्माण व्यवसायीलाई थप कार्य गराई भुक्तानी दिएको रु.८,३९,२३६।- अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,३९,२३६ |

४४ **अधुरो ठेक्का** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिए बमोजिमको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको शून्य दशमलव शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाबाट भएका देहायको

रु.५,०४,४५,०४०।० निर्माण कार्यको सम्झौता गरेकोमा सम्पन्न गर्ने म्याद समाप्त भए पश्चात पनि कार्यपालिकाको निर्णयबाट २ पटक म्याद थप गरी उक्त आयोजनाको म्याद मिति २०८१ असार मसान्त सम्म तोकिएको छ । निर्माण कार्य ढिलाईको उपर्युक्त कारण नदेखिएकोले पटक पटक म्याद थप भएको नियमसम्मत देखिएन । समयमा खरिद निर्णय नगरी छोटो अवधिको ठेक्का सम्झौता गरेको कारण सालबसाली गर्नुपर्ने काम सम्पन्न नभई अधुरो रहेकोले उक्त निर्माण कार्य सम्पन्न गरी लगानी सदुपयोग गर्नुपर्दछ ।

| योजनाको नाम | निर्माण व्यवसायी | संझौता रकम(मूल्य अभिवृद्धि करबाहेक) | सम्झौता मिति | कार्यसम्पन्न गर्नुपर्ने मिति | पेश्की बाँकी |
|---|---|---|---|---|---|
| मैनतडा स्वास्थ्य चौकी भवन निर्माण | न्यू विशाल कन्स्ट्रक्सन | १२४३७३८९ | २०७८।१।११ | २०८० असार मसान्त सम्म | २३७८००० |
| औद्योगिक ग्राम निर्माण | न्यू पव्लिक कन्ट्रक्सन | ५९४३८७५ | २०७८।३।०८ | २०८१।७।१ | |
| डुमकोट दलित संग्राहलय पूर्वाधार निर्माण | नेपाल मेगालामा प्रगति जेभि | ३२०६३७७६ | २०७८।८।६।२० | २०८१।३।३१ | ३७००००० |
| | | | | **जम्मा** | ६०७८००० |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लेखित समयभित्र सम्पादन नगरेको कारणले पेश्की फस्र्यौट हुन नसकेमा सार्वजनिक निकायले बैक जमानतको रकम सम्बन्धित बैकबाट प्राप्त गरी पेश्की फस्र्यौट गर्नुपर्ने र त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ । पालिकाले मैनतडा स्वास्थ्य चौकी भवन निर्माण र डुमकोट दलित संग्राहलय पूर्वाधार निर्माण कार्यमा दिएको पेश्की रु. २३७८००० र रु. ३७००००० समेत रु. ६०७८०००।० बाँकी रहेको छ । उक्त निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने सुरुअवधी समेत समाप्त भएको तथा पालिकाले बैक जमानत समेत पेश नगरेकोले उक्त रकम व्याज सहित असुल गरी फस्र्यौट गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,६८,००० |

४५ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

४६ **सीमा भन्दा बढीको उपभोक्ता समितिको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को ९७ को उपनियम१(क) मा एक करोड रुपैयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्य मात्र उपभकोक्ता समितिबाट गराउन सक्ने उल्लेख छ । पालिकाले हिमशिखर बहुमुखी क्यम्पस भवन निर्माणको लागत अनुमान रु.१,४१,८७,८०२।० स्वीकृत गरेकोमा यस वर्ष रु.३५ लाख बजेट विनियोजन गरी उपभोक्ता समितिमार्फत रु.३३,२४,९७६।० खर्च गरी ग्राउण्ड फ्लोरको कोलम र स्यावको मात्र कार्य भएको छ । भवन निर्माण

जस्तो जटिल कार्यमा कानूनले तोकेको सीमाभन्दा बढी लागत अनुमानको कार्य उपभोक्ता समितिमार्फत गराई अधुरो रहेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,२४,९७६ |

४७ **सवकन्ट्रयाक्टरबाट कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथा सवकन्ट्रयाक्टरबाट गराउन नसकिने, त्यस्तै नियम १३(क)मा उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ । तर निम्नानुसराको उपभोक्ता समितिले पाएको निर्माण कार्य सवकन्ट्रयाक्टरबाट गराएको अनियमित रु.

| योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम |
|---|---|---|
| छिन्चु डुङ्गीखोला अवलपराजुली धान खरोरीया सानोढुंगा सडक | भेनिस निर्माण सेवा | ९४८७३८ |
| वडा नं. १ सडक मर्मत | भुगोल कन्स्ट्रक्सन प्रा.ली. | १८०५००० |
| फर्सेनी लेखहातिखाल सडक निर्माण | दी दर्शन कन्स्ट्रक्सन | ६००००० |
| | जम्मा | ३३५३७३८ |

| | |
|---|---|
| अनियमित भएको | ३३,५३,७३८ |

४८ **गणेश स्मृति प्रतिष्ठान भवन** - कर्णाली प्रदेश पूर्वाधार विकास विषेश कार्यसंचालन तथा व्यबस्थापन कार्यविधि, २०७९ ले प्रदेशबाट गरिने पूर्वाधार निर्माण कार्य राजनितिक दल तथा सोको भातृसंगठनका लागि खर्च गर्न नपाएने उल्लेख छ ।साथै नगरपालिकाले वजेट तथा कार्यक्रम तयार गर्दा बढी प्रतिफल एवं जनामानसमा पर्न सक्ने स्वास्थ्य, शिक्षा, सामाजिक विकास तथा पूर्वाधार निर्माणमा लगानी गर्नु पर्नेमा पालिकाले गणेश स्मृति प्रतिष्ठान भवनको तला थप, इयाल ढोका, वाल लगायतको कार्यमा रु.२४,३२,२७०/- खर्च गरेको छ ।बिगतदेखि सालवसाली रुपमा सो भवनमा लगानी भएपनि कुल लागत देखिने कार्य सम्पन्न प्रतिवेदन तयार नगरेबाट सो भवनमा भएको कुल लगानी यकिन गर्न सकिएन ।स्थलगत अनुगमन गर्दा उक्त भवनमा राजनितिक दलको कार्यालय रहेको पाइयो । राजनितीक दलको कार्यालय प्रयोजनका लागि सञ्चितकोषबाट खर्च गरेको अनियमित रु.




| | |
|---|---|
| अनियमित भएको | २४,३२,२७० |

४९ **ऋषिबाटीका स्मृति भवन -** पालिकाको विनियोजन ऐन, २०७९ मा ऋषिबाटिका स्मृती भवन निर्माण शीर्षकमा १३ लाख विनियोजन गरी पालिकाले वर्ष रु.१२ लाख ३५ हजार भुक्तानी भएको छ । उक्त भुक्तानीबाट निर्माण कार्यको पहिलो तल्लाको पिलरको मात्र कार्य भएको छ । सार्वजनिक जग्गामा निर्माण भएको सो भवनको लागि पालिकाले एकमुष्ट लागत अनुमान तयार नगरी बिनियोजन बजेटको आधारमा मात्र खर्च गरेको अवस्था छ । पालिकाको वजेटबाट स्मृतिमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.





| | |
|---|---|
| अनियमित भएको | १२,३५,००० |

५० **प्रविधि हस्तान्तरण कार्यक्रम -** (१५४-२०७९-१२-१४)गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम संचलान निर्देशिका, २०७७ को परिच्छेद-४ को दफ२८(९) अनुसार उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्ने सक्ने तथा दफा ४१ (२) मा उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलव्ध गराईने, उपलव्ध गराइएको प्रविधिको कुल लागतको कम्तिमा बीस प्रतिशत रकम उद्यमी स्वयंमले व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले लघु उद्यमीहरुलाई आवश्यक सामाग्री स्प्रे रु.४४,९९६।-,हजारी रु.३,५३६।— र हाते ट्याक्टर रु.८३,६२०।—गरी जम्मा रु.१,३२,१५२।— भुक्तानी गरेकोमा

निर्देशिकामा उल्लेख भए अनुसार २० प्रतिशत रकम रु.२६,४३०/- लागत साझेदारी प्राप्त भएको नदेखिएकोले सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,४३० |

५१ **रोजगार सेवा केन्द्र खर्च -** (१९२-२०८०-१-१४)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ।पालिकाले संघीय शशर्त रोजगार सेवा केन्द्रको संचालन खर्चबाट डसना, सिरक, सिरानी, ग्यास सिलिन्डर र चुलो लगायतका सामाग्री खरिद गरी सुयोग टेड्र्स एण्ड जनरल सप्लायर्यलाई रु. ९७,०९२/- भुक्तानी दिएको देखिएकोले कार्यालयसँग असम्बन्धित खर्च अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९७,०९२ |

५२ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान तथा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाको सुत्रको भुक्तानी विवरण अनुसार एक सप्लायर्सबाट ९४ पटक खरिद गरी रु. ७४ लाख ७७ हजार ८ सय ७७, एक अफसेट प्रेससँग २७ पटक खरिद गरी रु.२५ लाख ३६ हजार ८० र अर्को सर्जिकलबाट २ पटक खरिद गरी रु. १३ लाख ३८ हजार ५८ समेत रु. १ करोड १२ लाख ३ हजार ९२ को टुक्रा गरी एउटै आपूर्तिकर्ताबाट खरिद गरेको छ । नियममा व्यवस्था भएको सीमाभन्दा बढीको खरिद गरेको नियमसम्मत नदेखिएको रु.

(यस सम्बन्धमा पालिकाका विभिन्न कार्यक्रम र योजनाका लागि छुट्टाछुट्टै खरिद गर्नु परेकोले सीमा भन्दा बढी खरिद गर्नु परेको जवाफ प्राप्त भएको छ । वर्षभरि खरिद गरिने मालसामानको आवश्यकताको सहि पहिचान नगरेबाट खरिद प्रतिश्पर्धा सीमित भएको अवस्था छ । सो समस्या समाधान गरी खरिद प्रतिश्पर्धामा सुधार भएको प्रमाण सहित नियमित गर्नुपर्ने देखिएको छ ।)

| | |
|---|---|
| अनियमित भएको | १,१२,०३,०९२ |

५३ **सुरक्षित नागरीक आवास कार्यक्रम -** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७६ को दफा १७ मा कार्यक्रमको प्राविधिक व्यबस्थापन गर्न ४ प्रतिशत सम्म कन्टिजेन्सी वापत छुट्याउन सकिने सो को दुई प्रतिशत सम्म संघीय आयोजना कार्यान्वयन इकाई र दुई प्रतिशत सम्बन्धित स्थानीय तहले खर्च गर्न सक्ने र उपदफा २ मा कट्टि कन्टिजेन्सी खर्च कार्यक्रम संचालन समितिको बैठक संचालन, लागत इस्टिमेट मुल्याङ्कन र अनुगमन सुपरीवेक्षण, समीक्षा लगायतका कार्यमा मात्र छुट्याउन सकिने उल्लेख छ । पालिकाले

कन्टिन्जेन्सीबाट तोकिएको शीर्षक बाहेक निम्न प्राविधिक कर्मचारीहरुलाई प्रति कार्यसम्पन्न प्रतिबेदन वापत रु.१ हजार का दरले भुक्तानी दिएको देखिएकोले सो रकम असुल गर्नु पर्ने रु.

| गोश्वारा भौचर/ मिति | भुक्तानी पाउनेको नाम | रकम |
|---|---|---|
| २१।०७९।११।३ | उज्जल राउत | १३००० |
| २०।२०७९।११।२ | डम्मर ढकाल | ६००० |
| १८।०७९।१०।२० | लाल बहादुर बुढा | ९३००० |
| १७।०७९।१०।१८ | विष्णु हरि भट्टराई | ३७००० |
| २६।०७९।११।१६ | दल बहादुर डिसी | १६००० |
| ३०।०७९।११।३० | पुष्कर रोकाय | ६९३० |
| ३०।०७९।११।३० | सजिना रेग्मी | २३७६० |
| २८।०७९।१२।१८ | डम्मर ढकाल | ६९३० |
| ४४।०८०।२।२ | कृष्ण खत्री | ९६० |
| जम्मा | | २०३५८० |

| असुल गर्नुपर्ने | २,०३,५८० |
|---|---|

५४ **निजी क्षेत्रको काम** - आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी हिसावले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष नाफामुलक एवं व्यक्तिगत प्रयोजनका लागि खोलिएका उद्योग वाणिज्य संघलाई अधुरो भवन निर्माण कार्यका लागि रु.२,८५,०००।० भुक्तानी दिएको छ । पालिकाले दिएको भुक्तानीबाट उत्पादनमा सहयोग पुग्ने तथा प्रतिफल दिने, स्थानीय सहभागिता छुट्ने तथा स्रोत र साधनको अधिकतम प्रयोग हुने नदेखिएकोले भुक्तानी रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २,८५,००० |
|---|---|

५५ **कागजात पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ ले रकम खर्च गर्दा सो खर्च पुष्टि हुने बीलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । निम्न गोस्वारा भौचरबाट भएको खर्च रकम पुष्टि हुने कागजात श्रेस्तामा संलग्न नगरी भुक्तानी दिएकोले भुक्तानी सिफारिस गर्ने तथा भुक्तानी दिनेलाई जिम्मेवार बनाई खर्च प्रमाण पेश गर्नुपर्ने रु.

| गो.भौ. र मिति | परियोजनाको नाम | खर्च रकम |
|---|---|---|
| १२।०८०।०३।२६ | मोहटी मनिराम काडा सडक | ७४०२०२ |

| प्रमाण पेश नगरेको | ७,४०,२०२ |
|---|---|

५६ **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम -** पालिकाको पूर्वाधार सुधारका लागि स्वीस सरकारको सहयोगमा परीक्षण परियोजान(Pilot Project) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत यसवर्ष रु.२,९८,०१,१०९/- को लागत भएको ५ सडक र २ खानेपानी परियोजान सञ्चालनका लागि स्वीकृत भएकोमा नयाँ बस्ति मदाने चौर लिफ्ट खानेपानी परियोजना बाहेक अन्य ६ परियोजनामा रु.२,०१,९४,२११/- खर्च गरी भौतिक ९७.५७, वित्तीय ६७.७६ प्रगति सहित ३८३२ घरधुरीका ११२४ दलित र ७४५ जनजाती सहित १८,२७४ जनसंख्या लाभान्वित भएको प्रगति विवरणबाट देखिएको छ ।परियोजना सञ्चालनका लागि कार्यक्रम स्वीकृत गर्ने अधिकार पालिकामा रहेकोमा छनौट पूर्व गर्नुपर्ने पर्याप्त अध्ययन एवं आवश्यकता र अवस्थिति बिश्लेषण नगरी परियोजना सम्झौता गर्दा कार्यपालिकाको निर्णय अनुसार अवलपराजुल-कुटी-लेखपराजुल सडक परियोजना संशोधन गरी काल्पनी-चैते-सिस्नेरी सडक र फर्सेनीलेख-हात्तीखाल सडक संशोधन गरी कालीदमारलेख-चिउरीगैरा सडक निर्माण परियोजनामा खर्च गरेको छ भने नयाँवस्ती मदाने चौर लिफ्ट खानेपानी परियोजना सञ्चालन भएको देखिएन ।बाह्य खरिद गर्नुपर्न निर्माण सामाग्री बोलपत्रमार्फत पालिकाले खरिद गरी स्थानीय श्रम र सामाग्रीका लागि उपभोक्तालाई भुक्तानी हुने गरी दातृ निकायसंग सम्झौता रहेको छ । निर्माण सम्पन्न गरेको खर्चको आधारमा सोधभर्ना दिनेगरी सम्झौता भएको सो परियोजनाहका लागि रु.२,३१,९२,५९७/- सोधभर्ना प्राप्त भएपनि पालिकाबाट व्यहोर्न पर्ने ३० प्रतिशत रकममध्ये पुरा खर्च नभएको हिसाव मिलान गरेको छैन । तोकिए बमोजिम सम्पन्न नगरी संशोधन तथा शून्य प्रगति भएबाट योजनाको प्रभावकारीतामा असर देखिएको छ । वास्तविकतामा आधारित योजना छनौट गरी लगानी सदुयपोग गर्नुपर्दछ ।

५७ **संघीय बजेटबाट अनुदान -** संघीय सशर्तबाट प्राप्त रकम तोकिएको बाहेक अन्य कार्यमा खर्च गर्न नपाइनेमा भौचर नं.६६।०८०।०३।२२ बाट उद्यम विकास कार्यक्रमका लागि आपूर्तिकर्ता हिरा ट्रेड एण्ड सप्लायर्सबाट हाते ट्रयाक्टर थान-१, हजारी थान-८ र चेरी कपडा गरि जम्मा रु.९५,९५५।- वितरण गरी भुक्तानी गरेको देखिएकोले सो रकम संघीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९५,९५५ |

५८ **फरक शीर्षकमा खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने व्यवस्था छ । साथै संघीय सशर्ततर्फको अनुदान खर्च गर्दा तोकिएको शीर्षकमा मात्र खर्च गर्नु पर्दछ । पालिकाले हर्ने मनिरामकाँडा सडक निर्माण कार्य गरी यस वर्ष रु.२४ लाख १० हजार ५सय १५ भुक्तानी गरेको छ । सो भुक्तानीमध्ये संघीय सशर्त पुँजीगत स्वास्थ्य केन्द्र भवन निर्माणबाट रु.१२,४६,९९६।० भुक्तानी भएको छ । समानीकरण तर्फको उक्त योजना पालिकाले संघीय सशर्तबाट भुक्तानी गरेको रकम फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४६,९९६ |

५९ **च्यापकटर खरिद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ ले रकम खर्च गर्दा सो खर्च पुष्टि हुने बीलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले भौचर नं.७४।०८०।०३।२३ बाट शुभ कामना एग्रो एन्टरप्राइजेजबाट ६० थान च्यापकटर मेशिन खरिद पशु शाखालाई हस्तान्तरण भएकोमा शाखाबाट बितरण गर्दा रु.१३,४००/- प्रतिगोटा ३ थान च्यापकटरको भरपाई नपुग देखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,२०० |

६० **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम (NCCSP-2) -** पालिका र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम विचमा संझौता लागत साझेदारीमा संचालन गरी यस वर्ष रु.१ करोड ६५ लाख प्राप्त भएकोमा रु.१,६३,८३,७६८।-खर्च भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

६०.१ **अभिमुखीकरण तालिम कार्यक्रम -** कुनै पनि तालिम कार्यक्रम संचालन गर्नका लागि निश्चित उद्देश्य अनुसारको लागत अनुमान तयार गर्नुपर्दछ।पालिकाले जलवायु परिवर्तन अभिमुखीकरण तालिम संचालन गर्न के कति जनशक्ति चाहिने सो को विषयमा स्पस्ट खुल्ने गरी लागत अनुमान तयार नगरी जलवायु परिवर्तन कार्यक्रमबाट प्राप्त वजेटलाई आधार बनाई प्राप्त कोटेशनका आधारमा ग्रीन ग्राजुएट्स डेभलपमेन्ट कन्सल्टेन्ट प्रा.लि.मार्फत् कार्यक्रम संचालनमा रु.७,०६,९३०।० भुक्तानी गरेको छ।पालिकाले तालिम लगायतका कार्य गर्दा लागत अनुमान तयार गरी तोकिएको नर्म्सको पालना गर्नुका साथै कार्यक्रम पश्चात् तालिमको उपलब्धि एवं प्रभावकारीता समेत मापन गर्नुपर्दछ ।

६०.२ **बैठक भत्ता-** (११२-२०७९-११-११) संझौता अनुसार उक्त रकम तोकिएको शीर्षक बाहेक अन्यत्र खर्च गर्न नहुने उल्लेख छ। पालिकाले उक्त शीर्षकबाट सब-इन्जिनियर छनौटका लागि विभिन्न समयमा पदपूर्ति समितिको बैठकको रु.६९,०००/- खर्च लेखेको छ । तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने रकम करारमा कर्मचारि नियुक्ती गर्ने छनौट समितिको भत्ता वितरण गरेको अनियमित रु.

| | |
|---|---|
| अनियमित भएको | ६९,००० |

६१ **चुल्हो वितरण -** (५५-२०८०-३-२४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्च पुष्टि हुने प्रमाण सहित लेखा राख्नुपर्दछ। पालिकाले लिन्टन स्टार सर्भिसेज प्रा.लि.लाई ३१५ गोटा सुधारिएको चुलो वितरणका लागि नगरपालिकाले व्यहोर्ने ३० प्रतिशत अनुदान रु.१,४९,६२५/- कार्यपालिकाको २०८०।बैसाख ३१ को निर्णयले नेपाल पीडित सामुदाय संरक्षण केन्द्रको साझेदारी कार्यक्रमलाई संशोधन गरी सुन्दर नेपाल संस्थासँग साझेदारी गर्ने निर्णय भएको देखियो ।सो रकम पालिकाको वजेटबाट खर्च गर्नुपर्नेमा मुख्यमन्त्री रोगजार कार्याक्रमबाट कन्टिजेन्सी कट्टा गरेको रकमबाट भुक्तानी दिएको देखियो । पालिकाको कार्यक्रम खर्चबाट भुक्तानी दिनुपर्ने सो रकम मुख्यमन्त्री रोजगार कार्यक्रमबाट भुक्तानी दिन मिल्ने नदेखिएकोले कर्णाली प्रदेश सरकारको संचित कोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४९,६२५ |

६२ **बजार अनुगमन -** भेरीगंगा नगरपालिकाबाट गरिने बजार अनुगमन सम्बन्धी निर्देशिका २०७५ को दफा १४ को उपदफा (क) देखि (ठ) सम्म व्याबससाय शिल गर्ने देखि उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरुप नमुना संकलन गर्ने, उपभोग्य बस्तुको विक्री वितरण गर्ने र सिलबन्दी गर्नुपरेमा खाद्य नियमावली, २०२७ को नियम १३ वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २८ र २९ अन्य प्रचलित कानुन अनुसार गर्नु पर्ने व्यबस्था छ । पालिकाले यसवर्ष १०५ पसल अनुगमन गरी रु.१,७१,०२५/- खर्च गरेकोमा ३५ पसलमा कैफियत देखिएको अनुगमन प्रतिवेदनबाट देखिएको छ । उक्त पसलहरुबाट जफत सामान नष्ट

गर्ने बाहेक अन्य काम भएको छैन । साथै निर्देशिका अनुसार अनुगमन समितिले बजार अनुगमन सम्बन्धी नीति तयार गरी कार्यान्वयन गरेको देखिएन । साथै कैफियत देखिएको व्यवसाय/फर्मलाई कानुनी कार्बाही गरेको देखिएन । यसबाट पालिकाको अनुगमन प्रभावकारी देखिएको छैन । बजार अनुगमन प्रभावकारी बनाई कनून बमोजिम कारबाही गर्नु पर्दछ ।

६३ **पदाधिकारी तथा कर्मचारीको बीमा -** कर्णाली प्रदेशका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा १२(५) सदस्यहरुले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसुची-२ मा उल्लेख भए बमोजिमको रकम बराबर दुर्घटना बीमा गर्दा लाग्ने बीमा शुल्क बापत बिलबमोजिमको रकम उपलब्ध हुने व्यवस्था रहेको छ । भ्रमण खर्च नियमावली, २०६४ को नियम ११(१)बमोजिम दुर्घटना बीमामा लाग्ने बील बमोजिमको प्रिमियम खर्च पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम पदाधिकारी तथा कर्मचारी बीमा बापत वार्षिक रुपमा बीमा गरी रु.११,५५,०९०/- खर्च भुक्तानी गरेको नियमसम्मत नभएको रु.

| गो.भौ.नं./मिती | विवरण | रकम |
|---|---|---|
| ६१-०७९/०६/११ | ६९ जना पदाधिकारी | ३४५०३० |
| ८८-०७९/०६/१३ | ९० जना स्थायी कर्मचारी | ४५००३० |
| ८९-०७९/०६/१३ | ७२ जना करार कर्मचारी | ३६००३० |
| | **जम्मा** | **११५५०९०** |

| | |
|---|---|
| अनियमित भएको | ११,५५,०९० |

६४ **जीवन बीमा -** भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई सरकारी कामको सिलसिलामा मुलुकभित्र वा बाहिर भ्रमण गर्दा भ्रमण वा काज अवधिभर दुर्घटना बीमा शुल्क बापत बिल बमोजिमको रकम पाउने व्यवस्था छ । साथै पालिकाले सम्पूर्ण कर्मचारीहरुको रु.१० लाखको सामुहिक दुर्घटना बीमा दावी पाउने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष तपशिल कर्मचारीको प्राइम लाइफ इन्सुरेन्स लिमिटेडमा संम्झौता गरी जीवन वीमा गर्दा प्रिमियम बापत रु.७१,९७५/- भुक्तानी गर्ने आधार नदेखिएकोले उक्त रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | रकम |
|---|---|---|
| १ | भविन्द्र बुढा | ३५५८१ |
| २ | मान बहादुर रावत | ३६३९४ |
| | **जम्मा** | **७१९७५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,९७५ |

६५ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा

सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले आन्तरिक आयलाई समेत विचार नगरी कानुन तथा कार्यविधि बेगर देहायबमोजिम रु.१३,०१,७२६/- प्रोत्साहन भत्ता खर्च गरेको देखियो । पालिकाले वितरण गर्ने यस्ता सुविधाको निर्णय गर्दा पालिकाको आन्तरिक स्रोत समेतको बिचार गरी स्पष्ट एवं मापनयोग्य कार्यसम्पादन सूचक सहितको वास्तविक कार्य सम्पादन देखिने प्रमाण संलग्न गरी भत्ता खर्च लेख्नु पर्नेमा कार्यपालिकाले व्यापक छलफल बेगर प्रोत्साहन भत्ता वितरणका लागि पुष्टी हुने प्रमाण समेत संलग्न नगरी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु–

| नाम/थर | पद | भुक्तानी रकम |
|---|---|---|
| गजेन्द्र कुमार जि सी | शाखा अधिकृत | १२०६२१ |
| मान बहादुर ठाडा | लेखा अधिकृत | १३०२७४ |
| सिता कुमारी खत्री | शाखा अधिकृत | ११६७८० |
| देवी कुमारी राना | अधिकृत छैटौ | ११६७७० |
| पिताम्बर पौडेल | अधिकृत छैटौ | ११६७८० |
| कृष्ण प्रसाद शर्मा | अधिकृत छैटौ | १३०२७४ |
| कमल सिंह विक | सहायक चौथो | ८७९४७ |
| डिकेन्द्र पौडेल | अमीन | ८१४३२ |
| वालकृष्ण चित्रकार | सह-लेखापाल | ८७९४७ |
| सोनाम बुढा | | ३६००० |
| | **जम्मा** | **१०२४८२५** |

***(प्रारम्भिक प्रतिवेदनउपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।१२।२१ को निर्णयबाट रु..२,०९,६१४/- सम्परीक्षण गरिएको ।)***

| असुल गर्नुपर्ने | १०,२४,८२५ |
|---|---|

६६ **कर्मचारी व्यबस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । पालिकाले करार सेवाबाट १०० जना कर्मचारी राखी रु.३,४८,२०,५९४/- तथा उल्लेखित पदहरुमा बाहेक १२ पदमा ३८ जना कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.१,२६,३४,४६५/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु..

| अनियमित भएको | १,२६,३४,४६५ |
|---|---|

६७ **कर्मचारी स्तर बृद्धि** - प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ ।

उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ती गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर पालिकाले ६ जना कर्मचारीको स्तरवृद्धि गरी उक्त कमर्चारीलाई रु.२,६४,८९३.१ थप रकम भुक्तानी गरी बढी व्ययभार पारेको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६४,८९३.१ |

६८ **महंगी भत्ता -** करार सम्झौता गर्दा तलव, चाडपर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा ६ महिना समय राखि करार सम्झौता गर्नुपर्दछ । साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध नसकिने व्यहोरा पेश गरेको छ । देहाय बमोजिम करार सम्झौता अन्तर्गत कार्यरत कर्मचारीलाई महंगी भत्ता, फिल्ड भत्ता दिने सम्बन्धमा कुनै कानुनी व्यवस्था नभएकाले असुल गर्नुपर्ने रु.

| क्र.सं. | नाम | पद | महंगी भत्ता | फिल्ड भत्ता | जोखिम भत्ता | दुर्गम भत्ता | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | अनिल चपाई | सूचना प्रबिधि अधिकृत | २४,००० | ० | ० | ० | २४,००० |
| २ | विजय कुमार खत्री | इन्जिनियर | | ९६,००० | ० | ० | ९६,००० |
| ३ | उज्जवल रावत | असिष्टेण्ट सब इञ्जिनियर | २४,००० | ७२,००० | ० | ० | ९६,००० |
| ४ | डम्मर ढकाल | असिष्टेण्ट सब इञ्जिनियर | २४,००० | ७२,००० | ० | ० | ९६,००० |
| ५ | बल बहादुर डि सि | असिष्टेण्ट सब इञ्जिनियर | २४,००० | ७२,००० | ० | ० | ९६,००० |
| ६ | इन्द्रा कुमारी थापा | अ हे व | ० | ० | ० | ३६,००० | ३६,००० |
| ७ | सोनम वुढा | अ न मी | ० | ० | ० | ३६,००० | ३६,००० |
| ८ | हिमा राना | अ न मी | ० | ० | १०,८०० | ० | १०,८०० |
| ९ | देउसरा बि.सी. | कार्यालय सहयोगी | ० | ० | १०,८०० | ० | १०,८०० |
| १० | मन्जु बुढा | कार्यालय सहयोगी | ० | ० | १०,८०० | ० | १०,८०० |
| ११ | सिमा चुनारा | कार्यालय सहयोगी | ० | ० | १०,८०० | ० | १०,८०० |
| १२ | कमला वली | कार्यालय सहयोगी | ० | ० | ० | ३६,००० | ३६,००० |
| १३ | रंग बहादुर कार्की | कार्यालय सहयोगी | ० | ० | ० | ३६,००० | ३६,००० |
| १४ | लोक बहादुर वि क | कार्यालय सहयोगी | ० | ० | ० | २४,००० | २४,००० |
| १५ | लिला बस्याल | कार्यालय सहयोगी | ० | ० | ० | ३०,००० | ३०,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६ | कृष्टि थापा | सहायक कम्प्युटर अपरेटर | २४,००० | ० | ० | ० | २४,००० |
| १७ | डिकेन्द्र पौडेल | अमिन | २४,००० | ७२,००० | ० | ० | ९६,००० |
| १८ | लाल बहादुर बुढा | असिष्टेण्ट सब इञ्जिनियर | २४,००० | ७२,००० | ० | ० | ९६,००० |
| १९ | नर बहादुर धौलाकोटी | हेभी सवारी चालक | २४,००० | ४८,००० | ० | ० | ७२,००० |
| २० | मान बहादुर रावत | हेभी सवारी चालक | २४,००० | ४८,००० | ० | ० | ७२,००० |
| २१ | भविन्द्र बुढा | हलुका सवारी चालक | २४,००० | ४८,००० | ० | ० | ७२,००० |
| २२ | दिपा गिरी | कार्यालय सहयोगी | २४,००० | ० | ० | ० | २४,००० |
| २३ | भरत खत्री | सफाइ कर्मचारी | २४,००० | ० | ० | ० | २४,००० |
| २४ | अरुणा कुमारी बुढा बुढा | कार्यालय सहयोगी | ० | ० | ० | ३६,००० | ३६,००० |
| २५ | टोपेन्द्र तारम ताराम | कार्यालय सहयोगी | ० | ० | ० | ३६,००० | ३६,००० |
| २६ | टोप बहादुर घर्ति मगर | सफाइ कर्मचारी | ० | ० | ० | ३६,००० | ३६,००० |
| | **जम्मा** | | २८८००० | ६००००० | ४३२०० | ३०६००० | १२३७२०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३७,२०० |

६९ **संघीय कार्यालयलाई निकासा -** विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुंजीगत तर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकार सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यपालिकाको निर्णय गरी रु.२,२०,०००/- देहायबमोजिम प्रहरी कार्यालयलाई रकम भुक्तानी गर्ने भनिएतापनि भुक्तानी देहायबमोजिम प्रहरी कार्यालयलाई रु.२,२८,९८३/- लाख निकासा लिई खर्च गरेकोमा तालुक मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएन ।

| कार्यालय | निर्णय रकम | भुक्तानी रकम |
|---|---|---|
| इलाका प्रहरी कार्यालय छिन्चु | ७०००० | ९९९९९ |
| मैनतडा प्रहरी चौकी | ५०००० | |
| रामघाट प्रहरी चौकी | ५०००० | |
| बबई प्रहरी पोष्ट | ५०००० | |

| | | |
|---|---|---|
| जहरे प्रहरी विट | | १२८९८४ |
| **जम्मा** | २२०००० | २२८९८३ |

७० **विज्ञापन -** विज्ञापन(नियमन गर्ने) नियमावली,२०७७ को ११(क)(२) मा १ बमोजिम विज्ञापन एजेन्सी मार्फत मार्फत कारोबार गराउँदा बोर्डमा सूचीकृत विज्ञापन एजेन्सी मध्येबाट खुला र पारदर्शी प्रक्रियाको आधारमा विज्ञापन एजेन्सीको छनौट गरी गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो व्यवस्थामा उल्लेख भएबमोजिम प्रतिस्प्रर्धाको माध्यमबाट सूचना प्रकाशन नगरी सूचना छपाईको लागि रु.१२,००,०००/- सूचना प्रसारको लागि विजी मिडिया ग्रुपलाई रु.१२,९२,७१४/- र भेरी गंगा संचार केन्द्रलाई रु.२,१३,२२५/- गरी जम्मा रु.२७,०५,९३९/- खर्च गरेको छ । प्रतिस्पर्धाको माध्यमबाट विज्ञापन आव्हान गरी छिमेकी पालिका गुर्भाकोट र बीरेन्द्रनगर नगरपालिकाले क्रमशः ९३ र ८५ प्रतिशत घटिमा सूचना प्रकाशन गरेको देखिन्छ । तसर्थ पालिकाले प्रतिस्पर्धाको माध्यमबाट सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्दछ ।

७१ **सामान ढुवानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) अनुसार खर्च पुष्टि हुने प्रमाण सहित लेखा राख्नुपर्दछ । पालिकाले योजनाको सामान ढुवानी जनाई मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्म हिरा ट्रेडर्स एण्ड जनरल अर्डर सप्लायर्सलाई मूल्य अभिवृद्धि कर बेगर रु.२,००,०००/- भुक्तानी गरेको छ । सो कार्य गर्दा ढुवानी गरेको सामान, सामानको प्रकार, ढुवानी मिती लगाएतको विवरण खुलाएको छैन। खर्चको औचित्य पुष्टि हुने आधार वेगर खर्च गरेको उक्त रकम पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

७२ **मर्मत आदेश बेगर भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन व्यवस्था भएको जसका लागी मर्मत आवेदन फारम महालेखा परीक्षक फारम राख्नुपर्ने छ । पालकाले विभिन्न मेसिनरी सामान मर्मत बापतको रकम भुक्तानी गर्दा मर्मत आवेदन फारम सलंग्न नगरी रु.२०,०६,३९०/- भुक्तानी गरेको देखियो । तोकिएको मलेप फारम सलंग्न गरी भुक्तानी हुनुपर्दछ ।

७३ **बढी भुक्तानी -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७७ को दफा ३(१) बमोजिम पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारबाही शुरु गरेको मितिदेखि अनुसूची-१ र २ मा उल्लेख भएबमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोतसमेतका आधारमा सुविधा उपलब्ध गराउने व्यवस्था छ । देहायको पदाधिकारीलाई मासिक रु.१,०००/- का दरले ४ महिनाको रु.४,०००/- बढि उपलब्ध गराएकोमा रु.८००/- कट्टा गरेकोले बढी भुक्तानी भएको रु.९,६००/- असुल गर्नुपर्ने रु.

| पदाधिकारी | पद | रकम |
|---|---|---|
| दिनेश पलामी मगर | वडा अध्यक्ष | ३२०० |

| | | |
|---|---|---|
| चिरन्जीवी बुढा | वडा अध्यक्ष | ३२०० |
| जित बहादुर सुनार | वडा अध्यक्ष | ३२०० |
| **जम्मा** | | **९६००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६०० |

७४ **भिडियो डकुमेन्ट्री** - स्थानीय आर्थिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक क्षेत्रको प्रचार प्रसार पालिकाले स्पष्ट विषयवस्तु तयार पारी सो विषयको सम्वन्धमा डकुमेन्ट्री तयार गर्ने भएमा सोको उद्देश्य अनुरुप स्थानीय तथा राष्ट्रिय स्तरमा अडियो भिजुअल प्रसारण हुनुपर्दछ । पालिकाले विभिन्न विषय समेटेर प्रोफाइल तयार पार्ने तथा सोको प्रचार प्रसार परामर्श खरिद गरी खर्च गरेको देखियो । साथै उक्त परामर्शदाताले तयार पारेको डकुमेन्ट्री हालसम्म पनि कुनै माध्यमवाट प्रकाशन तथा प्रसारण भएको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश सो को औचित्य पुष्टि गर्नुपर्ने रु.

| सि नं | कृयाकलाप | सेवा प्रदायक | रकम |
|---|---|---|---|
| १ | भेरीगंगा नगरपालिका ४ नम्बर वडाको भिडियो डकुमेन्ट्री निर्माण | विजी मडिया ग्रुप प्रा.ली. | १४६००० |
| २ | भेरीगंगा नगरपालिका ३ नम्बर वडाको भिडियो डकुमेन्ट्री निर्माण | न्युप्लान विज्नेस प्रा.ली. | १४७००० |
| ३ | भेरीगंगा नगरपालिका १२ नम्बर वडाको भिडियो डकुमेन्ट्री निर्माण | नेपाल मिडिय प्रा.ली. | १४५००० |
| ४ | भेरीगंगा नगरपालिका २ नम्बर वडाको भिडियो डकुमेन्ट्री निर्माण | ग्लोबल समाचार | १४८००० |
| ५ | भिडियो डकुमेन्ट्री निर्माण | युथ मिडिया हव | २५००० |
| | **जम्मा** | | **६११०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,११,००० |

७५ **वितरणमुखी कार्य** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहाय बमोजिमको संस्थालाई भुक्तानी गरेको अनुत्पादक, वितरणमुखी तथा प्रतिफल दिन नसक्ने कार्यमा खर्च गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| गो.भौ.नं./मिती | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २७९-०७९/०८/२६ | तिज विशेष कार्यक्रम | १२५००० |
| २८२-०७९/०८/२७ | खेलकुद कार्यक्रम | ३५००० |
| ३४५-०७९/०९/११ | घोडेनाच मेला व्यवस्थापन समिति | १३०००० |
| २७९-०७९/०८/२६ | तिज विशेष कार्यक्रम | १२५००० |
| २८२-०७९/०८/२७ | खेलकुद कार्यक्रम | ३५००० |
| ३४५-०७९/०९/११ | घोडेनाच मेला व्यवस्थापन समिति | १३०००० |
| ९५३-०८०/०१/१७ | हर्लिस र अण्डा वितरण | ७०००० |
| ३१७-२०७९/०९/०६ | नेपाल पत्रकार महासंघ | १००००० |
| ४४३-०७९/१०/०६ | जेष्ठ नागरिकलाई ज्याकेट, फछ्यौरा, टोपि वितरण | १४७९५० |
| ४७८-०७९/१०/१६ | विद्यालयहरुको लागि खेलकुद सामाग्रि | १५०००० |
| ५५२-०७९/११/०४ | बलाङ्केट वितरण | १००००० |
| ५७९-०७९/११/०५ | गर्भवती, सुत्केरी तथा नवजात शिशु पोषण कार्यक्रम | १००००० |
| ६१०-०७९/११/१५ | समर ब्लाङ्केट वितरण | २५०००० |
| ७९३-०७९/१२/१४ | खेलकुद विकास | १७०००० |
| ३५२-०७९/०९/२३ | लत्ता कपडा वितरण | २००००० |

७६ **सीप विकास तालिम -** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागि पालिकामा उद्यम विकास शाखा गठन तथा सञ्चालन भएको छ । सीप तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्दा तालिमको आवश्यकता, प्रभाव, उपलब्धि लगाएतको कुराहरु विचार गरी सीप विकास कार्यविधि बमोजिम सञ्चालन गर्नुपर्दछ। पालिको देहाय बमोजिमको तालिम सञ्चालन गर्दा सीप विकास तालिमको सूचना, छनोटको आधार पेश हुन आएन । तसर्थः उच्चतम प्रतिफल प्राप्त हुने गरी तालिमको मापदण्ड, छनोटको आधार निर्माण मार्फत तालिम सञ्चालन गर्नुपर्दछ ।

| गो.भौ.नं./मिती | विवरण | लाभान्वित संख्या | रकम |
|---|---|---|---|
| १२४६।०८०।३।१८ | व्युटी पार्लर सम्बन्धी तालिम | २० | ४९७००० |
| १२६५।०८०।३।१९ | सिलाइ कटाइ सम्बन्धी तालिम | २० | ९९००० |

७७ **भुक्तानी प्रणाली -** (३४७-२०७९-९-१२) कुनै पनि संस्थालाई रकम भुक्तानी गर्दा वैकिङ्ग प्रणाली मार्फत गर्नुपर्दछ। पालिकाले शतप्रतिशत अनुदानमा २८ वटा वंगुरको पाठापाठी वितरण गर्नका लागि रु.९९,०००/-

मा खरिद गरेकोमा वडा नं.१ वडा अध्यक्ष दिनेश कुमार पुलामी मगरलाई रु.९९,०००/- भुक्तानी गरेकोमा प्रगतिशिल कृषि तथा पशुपंक्षी फर्मलाई भुक्तानी गरेको प्रमाण पेश नभएकोले भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,००० |

७८ **न्यायिक समितिको बैठक -** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७७ दफा ११(२) को तर मा गाउँ तथा नगरपालिकाका न्यायिक समितिको हकमा त्यस्ता समितिका सदस्यहरुले प्रतिमहिना बढीमा दुईवटा बैठकको लागि प्रतिबैठक पाँचसय रुपैयाँका दरले इजलास भत्ता पाउने व्यवस्था छ। यस वर्ष पालिकाको न्यायिक समितिको वैठकमा देहायका पदाधिकारीहरुले तोकिएको दर भन्दा बढी दर तथा संख्यमा वैठक भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| **गो.भौ.नं.** | **१३०९** | **८०४** | **१३०९** | **जम्मा वैठक संख्या** | **भुक्तानी रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| **मिति** | **०८०/०३/२१** | **०७९/१२/१७** | **०८०/०३/२१** | | | |
| **नाम/थर** | **१५०० को दरले** | | **५०० का दरले** | | | |
| धनसरा बोहोरा | ५ | १७ | २२ | ४४ | ४४००० | २८७०० |
| शेर बहादुर कामी | ५ | १७ | २२ | ४४ | ४४००० | २८७०० |
| ओविसरा बस्याल | ५ | १७ | २२ | ४४ | ४४००० | २८७०० |
| यमुना गिरी | ४ | | ११ | १५ | ११५०० | ४००० |
| पुष्कर आचार्य | १ | १७ | १० | २८ | ३२००० | १७३०० |
| डिल कुमारी राना | २ | | | २ | ३००० | २००० |
| कृष्ण बहादुर शाही | १ | ५ | | ६ | ९००० | ६००० |
| विर बहादुर चुनारा | २ | ११ | २१ | ३४ | ३०००० | १६०५० |
| यज्ञ प्रसाद ढकाल | | ४ | | ४ | ६००० | ३४०० |
| रेविका परियार | | १ | | १ | १५०० | १००० |
| **जम्मा** | **२५** | **८९** | **१०८** | | **२२५०००** | **१३५८५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,८५० |

७९ **फुटकर खर्च -** (४२२-२०७९-१०-५) भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा रहेको पदाधिकारीलाई फुटकर खर्च भुक्तानी गर्न सक्ने व्यवस्था छैन । पालिकाले०७९/०९/२१ देखी ०७९/०९/२६ सम्मको भ्रमणमा मान बहादुर ठाडालाई रु.३,०००/- फुटकर खर्च भुक्तानी गरेकोले असुल गर्नुपर्नेर रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

८० **बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले बिल भरपाई वेगर देहाय वमोजिमको भुक्तानी गरेको प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| **गो.भौ.नं./मिती** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| ४२३-०७९।१०।०५ | सूचना प्रकाशको भुक्तानी | १३७४०८ |
| ८७-०७९/६/१३ | पदाधिकारी वैठक भत्ता | २९२५०० |
| ६७-०७९/६/१२ | पदाधिकारी वैठक भत्ता | २९२५०० |
| | **जम्मा** | **७२२४०८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,२२,४०८ |

८१ **वडा तथा शाखागत खर्च -** पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ। पालिकाले वडा तथा विभिन्न शाखामा शाखावाइज बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ। भ्रमणको औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ। विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरि भुक्तानी लिएको देखिन्छ। शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरि शाखामा दाखिला गरेको छ। यसरी शाखावाईज बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ। तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

८२ **स्थानीय तहका पदाधिकारी सुविधा -** स्थानीय तहका पदाधिकारी सुविधा नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु. ८९,६४,००० सुविधा वापत भुक्तानी भएको छ।

८३ **कानुनी सल्लाहकार -** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर पालिकाले कानुनी सल्लाहकार तथा परामर्शदाता कर्मचारी नियुक्त गरी भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्न बमोजिम छनः-

८३.१ अधिवक्ता मोतिराम शर्मालाई मासिक रु.१० हजार सुविधा दिनेगरी संझौता भएकोमा वर्षभरिमा रु.१ लाख २० हजार भुक्तानी गर्नुपर्नेमा रु.२,१०,०००/- भुक्तानी भएकोले रु.९०,०००/- बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,००० |

८३.२ पालिकाले कानूनमा उल्लेखित व्यवस्था बेगर देहायबमोजिम परामर्शदाता नियुक्त गरी रु.२,८९,०९०/- भुक्तानी भएकोले अनियमित भएको रु.

| गो. भौ. न./मिति | नाम/थर | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ७२१-२०७९/१२/०६ | मोतिराम शर्मा | सम्झौता बमोजिम कानुनी सल्लाहकारको सेवा सुविधा वापत खर्च | ७९,२०० |
| ११५७-२०८०/०२/३१ | मोतिराम शर्मा | सम्झौता पत्र बमोजिम चैत्र देखि जेठ महिना सम्मको पारिश्रमिक | २९,७०० |
| १३०२-२०८०/०३/२१ | मोतिराम शर्मा | संलग्न कागजात विल भरपाई सम्झौता तोक आदेश बमोजिम खर्च | १,००,००० |
| ९६२-२०८०/०१/१९ | विवसकुमार बस्नेत | संलग्न कागजात सम्झौता बमोजिम खर्च | ८०,१९० |
| | | **जम्मा** | **२८९०९०** |

| | |
|---|---|
| अनियमित भएको | २,८९,०९० |

८४ **गरिवसँग नगर प्रमुख कार्यक्रम -** पालिकाले यस वर्ष गरिवसंग नगर प्रमुख कार्यक्रममा रु. १० लाख बजेट व्यवस्था गरी सो को कार्यान्वयनका लागि गरिवसंग नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ बनाई मिति २०७९।९।१७ गते पालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ। उक्त निर्देशिकाको दफा ५ मा कार्यक्रममा सहभागी छनौट तथा अन्य कार्याक्रम कार्यान्वयन गर्न नगरप्रमुखको संयोजकत्वमा गरिवसंग नगरप्रमुको सञ्चालक समितिको व्यवस्था गरिएको छ। उक्त कार्यक्रममा विनियोजित रकम मध्ये छात्रावृति, व्यावसायकि अनुदान लगायत गरी जम्मा रु.६ लाख १३ हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

८४.१ छात्रावृति कार्यक्रम पालिकाले प्रदान गर्ने अनुदानको लागि उपयुक्त सूचक बनाई मापनका आधारमा अनुदान दिनुपर्दछ। पालिकाले नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ बमोजिम गठित गरिवसंग नगरप्रमुको सञ्चालक समितिको २०८०।०२।२६ को निर्णायानुसार निम्न बमोजिम छात्रावृत्ति प्रदान गरेको छ। छात्रावृत्ति अनुदानको उपलब्धि मापन गर्ने आधार तयार गरेको छैन । साथै सोको अनुगमन समेत गरेको देखिएन। पालिकाबाट प्रदान गरिएका सबै अनुदान तथा कार्यक्रमको प्रभावकारी रुपमा सदुपयोग भए/नभएको अनुगमन गरी मूल्याङ्कन गर्नुपर्दछ ।

| क्र.सं | गोश्वारा भौचर | नाम थर | भुक्तानी रकम रु | कार्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८।२०८०<br>।०२।२६ | गंगा चन्द | २५ हजार | छात्रावृत्ति रकम समेत | |
| २ | | डिला सार्की | २० हजार | छात्रावृत्ति रकम समेत | |
| ३ | | निर्मला विक | ६० हजार | छात्रावृत्ति रकम समेत | खुद्रा पसल |
| ४ | | प्रेम बहादुर परियार | ३० हजार | व्यावसायिक अनुदान र २० | |
| ५ | | मनसरा सार्की | २० हजार | छात्रावृत्ति रकम समेत | |
| ६ | | शेरु कामी | २० हजार | छात्रावृत्ति रकम समेत | |
| ७ | | धनसरी बुढा | २० हजार | व्यावसायिक अनुदान | खुद्रा पसल |
| | | | | २१५०००।- | |

८४.२ **बाखा वितरण -** पालिकाले गरिवसंग नगर प्रमुख कार्यक्रमको व्यावसायिक अनुदान तर्फ वली बाखा फर्म, भेरीगंगा- १, सुर्खेत (६०१३४४३७४) विजक नं ०२५ बाट २० वटा रु.९,९००/- का दरले रु. १,९८,०००/- को खरी जातको बाखा खरिद गरी ५ जनालाई ४ वटाको दरले वितरण गरेको देखिन्छ। उक्त वली बाखा फर्मसंग खरिद गरिएका बाखाको पालिकाले २०८०।०३।१० गरेको सम्झौता बमोजिम खरी जातका बाखाहरुको स्वस्थ्य निरोगी भएको प्रमाण पेश भएता पनि वितरण गरिएको बाखामा ट्याग लगाएको देखिएन। उक्त बाखाहरुको वीमा समेत गरिएको छैन। अत पालिकाले वितरण गरिएको बाखाहरु व्यावसायिक रुपमा पाले/नपालेको र यसले जीवनस्तरमा ल्याएको सुधार सम्बन्धमा अनुगमन मूल्याङ्कन गरेको देखिएन। अनुदान रकमको प्रभावकारी सदुपयोग भए/नभएको अनुगमन गरी यकीन गर्नुपर्दछ ।

८४.३ **पूर्वाधार सहयोग -** पालिकाले प्रदान गर्ने अनुदानको लागि उपयुक्त सूचक बनाई मापनका आधारमा अनुदान दिनुपर्दछ। पालिकाले नगरप्रमुख कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९ बमोजिम गठित गरिवसँग नगरप्रमुको सञ्चालक समितिको २०८०।०२।२६ को निर्णाअनुसार निम्न बमोजिमका व्यक्तिहरुलाई घर मर्मत तथा छाना निर्माणका लागि रु.५० हजारको दरले जम्मा रु. २ लाख भुक्तानी गरेको छ। उक्त घर मर्मत तथा छाना निर्माण बापत् रकम भुक्तानी गर्दा विल भरपाईलाई मात्र आधार बनाई भुक्तानी गरिएको छ। प्राविधिक नापजाँच र कार्य सम्पन्न प्रतिवेदन समावेश गरेको छैन। अत पुँजीगत प्रकृतिको कार्य गर्दा प्राविधिकबाट नापजाँच गराएर मात्र गर्नुपर्दछ।

| क्र.सं | गोश्वारा भौचर | नाम थर | भुक्तानी रकम रु | कार्य |
|---|---|---|---|---|
| १ | ६।२०८०।०२।२६ | निर्मला वि क | ५० हजार | घर मर्मत तथा छाना निर्माण |
| २ | ९।२०८०।०२।२६ | गंगा चन्द | ५० हजार | |

| | | | | |
|---|---|---|---|---|
| ३ | ५।२०८०।०२।२६ | धनसरी बुढा | ५० हजार | |
| ४ | ३।२०८०।०२।२६ | सेरु कामी | ५० हजार | |
| जम्मा | | | २ लाख | |

८५ **पुरानो भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायि नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यलयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । नमुनाको रुपमा परीक्षण गर्दा पालिकाले २०७८/७९ आर्थिक वर्षको भुक्तानी गर्न बाँकी रकम रु.८,१९,०००/- भुक्तानी गरेको छ । भुक्तानी गर्न नपुग भएको रकम सोही समयमा प्रमाणित गरी नराखेको साथै सम्बन्धित वर्षमा भुक्तानी गर्न रकम नपुग भएको आधार प्रमाण बेगर भुक्तानी गरेकोले अनियमित देखएको रु.

| गो.भौ.नं./मिती | विवरण | आर्थिक वर्ष | भुक्तानी रकम |
|---|---|---|---|
| ६६-०७९/०६/१२ | पदाधिकारी वैठक भत्ता | २०७८/७९ | १५०००० |
| ७-०७९/०६/२२ | करार कर्मचारीको तलब | २०७८/७९ | २४१००० |
| १८७-०७९/०७/२१ | वडा नं. ८ को जेठ र असारको बैठक भत्ता | २०७८/७९ | ६३००० |
| २२०-०७९/०८/०९ | वडा नं. २ को जेठ असार र साउनको बैठक भत्ता | २०७८/७९ | ६३००० |
| २६३-०७९/०८/२५ | वडा नं. ८ को जेठ र असारको बैठक भत्ता | २०७८/७९ | ६३००० |
| २४२-०७९/०८/१३ | वडा नं. ९ को जेठ र असारको बैठक भत्ता | २०७८/७९ | १७६००० |
| २६२-०७९/०८/२१ | वडा नं. ३ को जेठ र असारको बैठक भत्ता | २०७८/७९ | ६३००० |
| | **जम्मा** | | **८१९०००** |

| | |
|---|---|
| अनियमित भएको | ८,१९,००० |

८६ **सिलाई कटाई -** मानिसमा उद्यमशिलता विकास गरी मानव पुँजी निर्माण गर्न विभिन्न किसिमका सीपमुलक तालिम प्रदान गरी गर्नु पर्दछ । पालिकाको वडा नं.८ ले विभिन्न २० जनालाई सीपमुलक सिलाई कटाई तालिम वापत दिदीबहिनी टेलर्स ट्रेनिङ्ग सेन्टरलाई रु.९९,८००/- भुक्तानी गरेको छ । सीपमुलक तालिममा सहभागी छनौटको सूचना आव्हान गरेको छैन । पालिकाले सो तालिममा सहभागी छनोटको आधार तयार गरेको छैन । वितरित तालिम प्रमाण पत्रमा पालिकाको नाम उल्लेख गरेको छैन । सहभागीको प्रमाणपत्र फरक फरक किसिमको तथा टिपिक्स लगाएको, मिती तथा नाम सच्याएको देखिन्छ । जसको कारण तालिम

सञ्चालन भएको हो भन्ने विश्वासनीय आधार देखिँदैन। जसको सम्बन्धमा पालिकाले वास्तविकता छानविन गरी विश्वस्त हुने आधार पेश गर्नुपर्ने अन्यता असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,८०० |

८७ **नाफामूलक संथालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संघ तथा संस्थालाई उक्त रकम अनुदान दिन नमिल्ने देखिन्छ । यस वर्ष पालिकाले देहायका नाफामुलक संस्थालाई कार्यालयको व्यवस्थापन तथा अन्य खर्चको लागि अनुदान दिएकोले अनियमित भएको रु.

| अनुदान पाउने संस्थाको नाम | विवरण | अनुदान रकम |
|---|---|---|
| नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | कार्यलयव्यवस्थापन | ४,९९,८०० |
| श्री त्रीवेणी सामाजिक उद्यमि महिला सहकारी संस्था लि | कार्यलय व्यवस्थापन | ५०,००० |
| हाम्रो एकता कृषि तथा पशुपंक्षि सहकारी संस्था लि. | कार्यलय व्यवस्थापन | ५०,००० |
| भेरी श्रमिक सहकारी संस्था लिमिटेड | कार्यलय व्यवस्थापन | २५,००० |
| सफल सामाजिक उधमी महिला सहकारी संस्था लि. | कार्यलय व्यवस्थापन | ५०,००० |
| | **जम्मा** | **६७४८००** |

| | |
|---|---|
| अनियमित भएको | ६,७४,८०० |

८८ **खरिद इकाई समितिको बैठक भत्ता** - अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्था बेगर पालिकाले २०८०।०१।१५ मा प्राथमिक विद्यालयको लागि ल्यापटप खरिद र मिति २०७९।१०।२२ मा वालविकास कक्षाका लागि आवश्यक किताव छपाउने भनी पालिका पालिका खरिद इकाई समितिको देहायका कर्मचारी/पदाधिकारीहरुलाई रु.१६,५७५/- बैठक भत्ता उपलब्ध गराएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,५७५ |

८९ **तथ्याङ्क संकलन** - (१०१४-२०८०-२-३) प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम रोजगार सेवा केन्द्रले स्थानीय तहभित्रका बेरोजगार व्यक्तिहरुलाई प्रत्येक वर्षको फाल्गुन महिनाभरीको म्याद तोकी अनुसूची १ बमोजिमको ढाँचामा बेरोजगार दर्ताका लागि निवेदन माग गर्नु पर्ने व्यवस्था छ। त्यस्तै दफा ४५(१) मा दफा ४४ को उपदफा (२) बमोजिमको रोजगार सेवा केन्द्रका कार्यहरु

सम्पादन गर्नु रोजगार संयोजकको जिम्मेवारी हुने कुरा उल्लेख छ। प्रधानमन्त्री रोजगार संयोजक प्रकाश पौडेललाई बेरोजगारी व्यक्तिको सूचीकरणका लागि अभिमुखीकरण तथा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी वापत ५२८२ जनाको डाटा सूचीकरण वापत प्रतिजना रु.१५/- का दरले रु.७९,२३०/- भुक्तानी गरेको छ। रोजगार संयोजकले सम्पादन गर्नुपर्ने मुख्य जिम्मेवारीलाई ख्याल नगरी भुक्तानी दिएको भत्ता नियमसम्मत नदेखिएकोले उक्त भुक्तानी रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७९,२३० |

९० **वित्तिय समानिकरणबाट चालु प्रकृतिको कार्य -** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । चालु प्रकृतिको कार्यको लागि पालिकाको आन्तरिक श्रोत तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम प्रयोग गर्नुपर्नेमा पालिकाले वित्तीय समानिकरणको निम्न बमोजिमको चालु शीर्षकमा रु.२,१६,८२,५९३।५ गरेको नियमसम्मत देखिन्दैन । विकास निर्माणको लागि प्राप्त भएको अनुदान रकम सोही प्रयोजनमा खर्च गर्नुपर्दछ।

९१ **उप्रमुख स्वरोजगार कार्यक्रम -** स्वरोजगार तालिममा उद्यमशीलता विकास गरी उत्पादन तथा सेवा मुलक गतिविधि मार्फत रोजगारी सिर्जना तथा उत्पादन अभिवृद्धि गर्नुपर्दछ । पालिकाले उपप्रमुख स्वरोजगार कार्यक्रम अर्न्तगत लक्ष्मी प्रिन्टिङ्ग प्रेससँग संम्झौता गरी कम्प्युटर, प्रिन्टर लगाएतका सामाग्री खरिद गरेको बिल पेश गरी रु.१ लाख भुक्तानी लिएको छ। स्वरोजगार कार्यक्रममा सीप विकास, उलमशीलता प्रर्वद्धन, क्षमता विकास लागाएतका कार्यहरु सञ्चालन गरी उद्यमशीलता विकास गर्नुपर्नेमा व्यवसाय सञ्चालनमा संलग्न रहेको फर्मलाई अनुदान दिएको हुनाले यस्तो कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाई सो अनुदान दिनु पर्नाको औचित्य पुष्टि गर्नपर्ने अन्थथा सो रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

९२ **कार्यवाहक भत्ता -** (९०-२०७९-६-१३) स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी ऐन, २०७७ बमोजिम कार्यवाहकलाई थप सुविधा दिने व्यवस्था छैन । पकालिले वडा नं. २ का वडा सदस्य सन्त बहादुर गुरुङ्गलाई कार्यवाहक वडाध्यक्ष वापत रु.१३,९५०/- थप सुविधा प्रदान गरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,९५० |

९३ **वैठक भत्ताः** कर्णाली प्रदेशका पदाधिकारीको सेवा सम्बन्धि ऐन, २०७७ को दफा ११(२)बमोजिम उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक महिनामा तीनवटा भन्दा बढी बैठकको भत्ता लिन नपाउने व्यवस्था छ । पालिकाले नगरसभा, कार्यपालिका, वडा समिति तथा अन्य बैठकको भत्ता भुक्तानी गर्दा देहायको पदाधिकारीहरुको मासिक तीन बैठक भन्दा रु१०९६५०।० बढी भुक्तानी गरेको छ । ऐनको प्रावधान विपरित भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| ४०४-०७९/१०/०४ | | |
| **नाम थर** | पद | **भुक्तानी रकम** |

| | | |
|---|---|---|
| दिनेशपुलामी मगर | वडा-अध्यक्ष | ६३७५ |
| चिरन्जीबिबुढा | वडा-अध्यक्ष | ६३७५ |
| जीतबहादुर सुनार | वडा-अध्यक्ष | ६३७५ |
| गगा बहादुर खत्री | वडा-अध्यक्ष | ६३७५ |
| प्रेम बहादुर सारु | वडा-अध्यक्ष | ६३७५ |
| लाल सि बुढा क्षेत्री | वडा-अध्यक्ष | ६३७५ |
| कर्ण बहादुर मिजार | वडा-अध्यक्ष | ५१०० |
| पुसे कामी | वडा-अध्यक्ष | ३८२५ |
| प्रेम बहादुर आग्री | वडा-अध्यक्ष | ५१०० |
| विर बहादुर वस्नेत | वडा-अध्यक्ष | ६३७५ |
| जय बहादुर नेपाली | वडा-अध्यक्ष | ६३७५ |
| राम बहादुर डाँगी | वडा-अध्यक्ष | ६३७५ |
| गणेश बहादुर भण्डारी | वडा-अध्यक्ष | ६३७५ |
| पवित्रा घर्ती | कार्यपालिका सदस्य | ६३७५ |
| गौमाया खत्री | कार्यपालिका सदस्य | ६३७५ |
| खगीसरा पुनमगर | कार्यपालिका सदस्य | ६३७५ |
| अमृता विष्ट | कार्यपालिका सदस्य | ६३७५ |
| ओविसरा बस्याल | कार्यपालिका सदस्य | ६३७५ |
| **जम्मा** | | **१०९६५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०९,६५० |

९४ **कार्य सम्पादन मूल्याङकन भत्ता -** (३६-२०७९-६-४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १३३ तथा कार्यसञ्चालन निर्देशिका,२०७७ को परिच्छेद ७ बमोजिम एउटै कार्यालयलका कर्मचारी तथा पदाधिकारी मात्र संलग्न वैठकको भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । पालिकाको नियमित कामभित्र पर्ने कर्मचारीहरुको आर्थिक वर्ष २०७८।२०७९ को कार्यसम्पादन मूल्याङ्कन फारामको मूल्याङ्कन पुनरावलोकन गर्दा निम्नअनुसार भत्ता खर्च लेखेको रकम भुक्तानी गर्न मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु

| नाम/थर | वैठक संख्या | रकम |
|---|---|---|
| मान बहादुर ठाडा | २ | २५५० |
| सिता कुमारी खत्री | २ | २५५० |
| कुल बहादुर खड्का | २ | २५५० |
| लक्ष्मन वि.क. | २ | २५५० |
| **जम्मा** | | **१०२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

९५ **असम्बन्धित खर्च-** (१०३०-२०८०-२-४) पालिकाले स्वास्थ्य शिविर कार्यक्रम वापत टेण्ट, साउण्ड सिस्टमको भाडा र कार्पेट खरिद वापत हमाल साउन्ड सर्भिस एण्ड टेण्ट हाउसलाई रु.८५,२००/- भुक्तानी गरेको छ। पालिकाले सो भाडा वापत भुक्तानी गर्दा सोलाई पुष्टि गर्ने प्रमाण कागजात पेश गरेको छैन । महिला रोग तथा पाठेघरको स्क्रिनिङ्ग शिविरको लागि साउण्ड सिस्टम, टेण्ट र कार्पेट प्रयोग उपयुक्त र सान्दर्भिक हुने अस्था समेत नरहेको तथा पुष्टि हुने आधार नभएकोले सो कार्यको लागि उपयोग भएको हो भन्ने विश्वास्त आधार समेत नदेखिएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८५,२०० |

९६ **सरुवा भ्रमण खर्चः -** (४४१-२०७९-१०-६) भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पदाधिकारी वा कर्मचारी सरुवा, बढुवा वा कायम मुकायम मुकरर भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा यस नियमावली बमोजिम दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था छ । बराहताल गाउँपालिकाका कृष्ण प्रसाद शर्मा भेरीगंगा नगरपालिका सरुवा भई आएकोमा सरुवा भ्रमण खर्च बढी सुविधा लिएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,००० |

९७ **राजश्व परामर्श समिति - (**१०७७- ०८०/०२/१४) कर्णाली प्रदेशका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७७ को दफा ११(२) को तरमा राजस्व परामर्श समितिका सदस्यले प्रति वैठक पाँचसय रुपैयाका दरले समिति भत्ता पाउने उल्लेख छ । पालिकाले राजश्व परामर्श समितिको वैठकमा रु.१,५००/- का दरले भत्ता भुक्तानी गरेकोले रु.१,०००/-का दरले जम्मा रु.३५,७००/- असुल गर्नुपर्ने रु.

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीको नाम | बैठक संख्या | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी | करबाहेक बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | यज्ञ प्रसाद ढकाल | ३ | १५०० | ५०० | १००० | २५५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | धनसरा बोहरा | ३ | १५०० | ५०० | १००० | २५५० |
| ३ | जय बहादुर नेपाली | ३ | १५०० | ५०० | १००० | २५५० |
| ४ | ओविसरा नेपाली | ३ | १५०० | ५०० | १००० | २५५० |
| ५ | सीता कुमारी खत्री | २ | १५०० | ५०० | १००० | १७०० |
| ६ | सोम ढकाल | ३ | १५०० | ५०० | १००० | २५५० |
| ७ | रघूविर मिजार | १ | १५०० | ५०० | १००० | ८५० |
| ८ | मान बहादुर ठाडा | १ | १५०० | ५०० | १००० | ८५० |
| ९ | देवीकुमारी राना | ३ | १५०० | ५०० | १००० | २५५० |
| १० | विजय कुमार खत्री | २ | १५०० | ५०० | १००० | १७०० |
| ११ | कृष्ण प्रसाद शर्मा | २ | १५०० | ५०० | १००० | १७०० |
| १२ | अनिल चपाई | १ | १५०० | ५०० | १००० | ८५० |
| १३ | कुल बहादुर खड्का | २ | १५०० | ५०० | १००० | १७०० |
| १४ | धनसिंह बस्याल | १ | १५०० | ५०० | १००० | ८५० |
| १५ | पिताम्वर पौडेल | १ | १५०० | ५०० | १००० | ८५० |
| १६ | चित्रा डांगी | १ | १५०० | ५०० | १००० | ८५० |
| १७ | युवराज देवकोटा | १ | १५०० | ५०० | १००० | ५० |
| १८ | रत्ना उपाध्याय | ३ | १५०० | ५०० | १००० | २५५० |
| १९ | कृष्ण बहादुर शाही | १ | १५०० | ५०० | १००० | ८५० |
| २० | रेविका परियार | २ | १५०० | ५०० | १००० | १७०० |
| | **जम्मा** | | | | | **३३१५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,१५० |

९८ **अनुगमन भत्ताः** कर्णाली प्रदेश तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १५(२) मा पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । नमुना परीक्षण गर्दा पालिकाले निम्न पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता वितरण गरेको कानूनी आधार नदेखिएकोले कर्मचारी तथा पदाधिकारीलाई भुक्तानी गरेको रु.६,६०,४५०/- असुल गर्नुपर्ने रु.

| गो.भौ.नं./मिती | १०९१-०८०/०२/१७ | | १०३७-०८०/०२/०५ | | ९८५-०८०/०१/२९ | | ९२१-०८०/०१/२२ | | २८-०८०/०३/२३ | | १२६१-०८०/०३/११ | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम/थर | संख्या | भुक्तानी | संख्या | भुक्तानी | संख्या | भुक्तानी | संख्या | भुक्तानी | संख्या | भुक्तानी रकम | संख्या | भुक्तानी रकम | जम्मा भुक्तानी |
| धनसरा बोहरा | १३ | १६५७५ | ८ | १०२०० | ११ | १४०२५ | ११ | १४०२५ | ५ | ६३७५ | १४ | १७८५० | ७९०५० |
| कृष्ण प्रसाद पोखेल | ११ | १३७७ बाट फिर्ता | ८ | १०२०० | ११ | १३७६ बाट फिर्ता | ११ | १४०२५ | ५ | ६३७५ | १४ | १७८५० | ३९४५७<br>रु.८९९३ दाखिला भइ भौचर पेश |
| शेर बहादुर कामी | १३ | १६५७५ | ८ | १०२०० | ११ | १४०२५ | ११ | १४०२५ | ५ | ६३७५ | १४ | १७८५० | ७९०५० |
| गौमाया खत्री | १३ | १६५७५ | ८ | १०२०० | ११ | १४०२५ | ११ | १४०२५ | ५ | ६३७५ | १४ | १७८५० | ७९०५० |
| पीताम्वर पौडेल | १३ | १६५७५ | ८ | १०२०० | ११ | १४०२५ | ११ | १४०२५ | ५ | ६३७५ | १४ | १७८५० | ७९०५० |
| विजयकुमर खत्री | १३ | १६५७५ | ८ | १०२०० | ११ | १४०२५ | ८ | १०२०० | ५ | ६३७५ | १४ | १७८५० | ७५२२५ |
| बालकृष्ण चित्रकार | १३ | १६५७५ | ८ | १०२०० | ११ | १४०२५ | ५ | ६३७५ | | ० | १४ | १७८५० | ६५०२५ |
| कमलसिंह वि.क. | ८ | १०२०० | | ० | ११ | १४०२५ | १० | १२७५० | | ० | १० | १२७५० | ४९७२५ |
| धिरेन्द्र रोकाय | ५ | ६३७५ | | ० | | ० | | ० | | ० | ४ | ५१०० | ११४७५ |
| चित्र बहादुर के.सी. | | | ८ | १०२०० | | ० | | ० | | ० | | ० | १०२०० |
| पुस्कर रोका मगर | | | २ | २५५० | | ० | २ | २५५० | | ० | | ० | ५१०० |
| उज्वल रावत | | | | | | | १ | १२७५ | | ० | | ० | १२७५ |
| मान बहादुर ठाडा | | | | | | | | | ५ | ६३७५ | १४ | १७८५० | २४२२५ |
| प्रकाश पौडेल | | | | | | | | | ५ | ६३७५ | | ० | ६३७५ |
| जय बहादुर विष्ट | | | | | | | | | ५ | ६३७५ | | ० | ६३७५ |
| ममत खड्का | | | | | | | | | ५ | ६३७५ | | ० | ६३७५ |
| **जम्मा भुक्तानी रकम** | | | | | | | | | | | | | **६१७०३२** |

| असुल गर्नुपर्ने | ६,१७,०३२ |
|---|---|

९९ **वैठक भत्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १३३ तथा कार्यसञ्चालन निर्देशिका,२०७७ को परिच्छेद ७ बमोजिम एउटै कार्यालयलका कर्मचारी तथा पदाधिकारी मात्र संलग्न वैठकको भत्ता भुक्तानी गर्न नमिल्ने उल्लेख छ । नमुना परीक्षण गर्दा पालिकाले देहाय बमोजिमको बैठक बोलपत्र मुल्याङ्कन समितिका लागि वैठक वसेको जनाई रु.३,४५,५२५/- भुकतानी गरेकोले असुल गर्नुपर्ने रु.

| गो.भौ.नं./मिती | १०६-०७९/०६/१४ | | ९३३-०८०/०१/१३ | | |
|---|---|---|---|---|---|
| नाम/थर | वैठक संख्या | भुक्तानी रकम | वैठक संख्या | भुक्तानी रकम | जम्मा |
| कृष्ण प्रसाद पोखेल | ८ | १०२०० | २५ | ३१८७५ | ४२०७५ |
| मान बहादुर ठाडा | ८ | १०२०० | ६ | ७६५० | १७८५० |
| सिता कुमारी खत्री | ८ | १०२०० | १४ | १७८५० | २८०५० |
| मोतीलाल प्रसाद | ८ | १०२०० | | ० | १०२०० |
| राजेश बुढा | ६ | ७६५० | | ० | ७६५० |
| विजय कुमार खत्री | ५ | ६३७५ | २५ | ३१८७५ | ३८२५० |
| अनिल चपाई | ४ | ५१०० | | ० | ५१०० |
| युवराज देवकोटा | ५ | ६३७५ | ६ | ७६५० | १४०२५ |
| एक राज खत्री | ८ | १०२०० | ४ | ५१०० | १५३०० |
| वालकृष्ण चित्रकार | २ | २५५० | १० | १२७५० | १५३०० |
| गजेन्द्र कुमार जि.सि | | | १६ | २०४०० | २०४०० |
| पिताम्बर पौडेल | | | १५ | १९१२५ | १९१२५ |
| नेत्र बहादुर देवकोटा | | | ३ | ३८२५ | ३८२५ |
| बिमल रावत | | | २ | २५५० | २५५० |
| कुल बहादुर खड्का | | | १ | १२७५ | १२७५ |
| कृष्ण प्रसाद शर्मा | | | १० | १२७५० | १२७५० |
| चित्र डाँगी | | | २ | २५५० | २५५० |
| गणेश कार्की | | | १४ | १७८५० | १७८५० |
| इन्द्र बहादुर रोकाय | | | १९ | २४२२५ | २४२२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| पुस्कर रोका | | | ९ | ११४७५ | ११४७५ |
| सजिना रेग्मी | | | १० | १२७५० | १२७५० |
| बिर बहादुर चुनारा | | | १० | १२७५० | १२७५० |
| कृष्ण बहादुर शाही | | | १ | १२७५ | १२७५ |
| अशोक चन्द | | | ३ | ३८२५ | ३८२५ |
| जीवन कुमाल | | | ४ | ५१०० | ५१०० |
| **जम्मा** | | **७९०५०** | **२०९** | **२६६४७५** | **३४५५२५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४५,५२५ |

१०० **प्रदेश सरकार विशेष अनुदान** -विकेन्द्रित ठोस फोहोर व्यवस्थापन तथा दिशाजन्य लेदो व्यवस्थापन प्रशोधन केन्द्रको निर्माण कार्यका लागि रु.६० लाख ३२ हजारको लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई ३२ दिनमा (२०८०/२/११-८०/०३/१५) कार्य सम्पन्न गर्ने गरी संम्झौता भएकोमा रु.४२ लाख १५ हजार भुक्तानी भएको छ । माउण्टेन थर्टस प्रा.ली.बाट वातावरणीय परीक्षण भएको सो उपभोक्ताले समय अभाव भएको कारण ५ मध्ये ३ वटा ब्लक मात्र तयार गरेको तथा साइड लगायत विद्युतीकरण समेतको काम सम्पन्न भएको छैन । समयमा निर्णय नगरी आर्थिक वर्षको अन्त्यमा निर्माण शुरु भएको सो प्रशोधन केन्द्र हालसम्म सञ्चालनमा आउने अवस्थामा देखिएन । मुख्य संरचनाहरु नै निर्माण नभएकोले उक्त निर्माण कार्यबाट लक्ष्य अनुसार कार्यसम्पादन हुन् अवस्था भएका विस्तृत आयोजना प्रतिवेदन वेगर निर्माण शुरु भएको उक्त निर्माण कार्यसम्पन्न गरी उपयोगमा ल्याउनु पर्दछ ।

१०१ **कार्यक्रम खर्च** - तालिम, गोष्टी, सेमिनार लागायत कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्म्सका आधारमा सञ्चालन गर्नुपर्दछ ।पालिकाले उक्त कार्यक्रमहरु सञ्चालन गर्दा अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय, प्रदेश मन्त्रालय लगायतले जारी गरेको नर्म्स पालना गरेको छैन । कार्यक्रम संचालन गर्दा नर्म्स अनुसार नभई बजेट अनुसार यातायात भत्ता खर्च, खाना, खाजा, स्टेशनरी, कार्यपत्र प्रस्तुति, संयोजक भत्ता लगायत खर्च निर्धारण गरी कार्यक्रम स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रम खर्च भएको जनाई बिल भरपाई संलग्न गरी पेश्की फछ्यौंट गर्ने गरेको छ ।कार्यक्रम सञ्चालन पश्चात पेश गरेको बिल भरपाईमा कार्यक्रमको लागत अनुमान तयार गर्ने, तालिम कार्य तालिका संलग्न गर्ने, तालिमको विषय वस्तु सम्वन्धमा तयार गरेको कार्यपत्र, कार्यक्रमको प्रतिवेदन, खर्चको तेरिज लगायत कार्य पुष्टी हुने प्रमाण संलग्न गर्ने गरेको छैन । कुनै पनि कार्यक्रममा स्वीकृत बजेट फ्रिज नहुने गरी खर्च गर्दा खर्च वास्तविक मान्ने अवस्था छैन् । यातायात, दैनिक भ्रमण भत्ता खर्च भ्रमण नियमावली अनुसार नभई बजेटको आधारमा भुक्तानी दिने गरेको छ ।कार्यालयबाट संचालित एक अर्को तालिम कार्यक्रममा समेत खर्च मापदण्ड मिलान नहुने अवस्था देखिंदा कार्यक्रम खर्च मितव्ययी, नियमितता र औचित्यपूर्ण मान्न सक्ने अवस्था नदेखिएकोले कार्यक्रम खर्चमा भएको वास्तविकता समेत कार्यालयबाटै पुष्टि हुने गरी खर्चको प्रभावकारीता र यथार्थता यकिन गर्नपर्ने देखिन्छ ।

१०२ **सुत्र बाहिरको कारोवार -** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कायालयको सिफारिशमा महालेखापरीकबाट स्वीकृत भएको ढाँचामा रार्नुपर्ने उल्लेख छ । पालिकाको लेखाङ्कन सुत्र प्रणालीमा गर्नुपर्ने अनिबार्य व्यवस्था भएपनि पालिकाले निम्न कारोवारमा शुत्र बाहिरबाट चेक काटि पछि पुरानो मिती राखी सुत्रमा प्रविष्टि गरेको नियमसम्मत देखिएन । पालिकाले यस कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| विवरण | रकम |
|---|---|
| तलब भत्ता निकासा | १५३७९७०.६० |
| तलब भत्ता निकासा | ४१४००० |

१०३ **शीर्षक फरक पारी खर्च लेखेको -** आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्य, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । निम्न गोश्वारा भौचरबाट शीर्षक फरक पारी खर्च लेखेको हुँदा उक्त खर्च नियमित गर्नुपर्ने रु.

| गो.भौ.नंर मिती | विवरण | खर्च लेखेको शिर्षक | लेख्नु पर्ने शिर्षक | रकम |
|---|---|---|---|---|
| १३७०-०८०/०३/२५ | जेठ र आषाढ महिनाको पदाधिकारी पारिश्रमिक भुक्तानी | करार सेवा शुल्क | पदाधिकारी पारीश्रमिक | ३०५९७८ |
| | | अनुगमन तथा दैनिक भ्रमण भत्ता | पदाधिकारी पारीश्रमिक | ४००००० |
| १३६७-०८०/०३/२४ | महिला स्वास्थ शिविर संचालन | उप-प्रमुख स्वरोजगार कार्यक्रम | कार्यक्रम खर्च | ७१३००० |
| ९८-०७९/०६/१४ | प्रोत्साहन भत्ता भुक्तानी | भुमी व्यवस्थापन | कर्मचारी प्रोत्साहन | ८१६३९ |
| | **जम्मा** | | | **१५००६१७** |

| | |
|---|---|
| अनियमित भएको | १५,००,६१७ |

१०४ **सीप विकास तालिम -** गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालनको लागि पालिकामा उद्यम विकास शाखा गठन तथा सञ्चालन भएको छ । सीप तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालन गर्दा तालिमको आवश्यकता, प्रभाव, उपलब्धि लगाएतको कुराहरु विचार गरी सीप विकास कार्यविधि बमोजिम सञ्चालन गर्नुपर्दछ। पालिको देहाय बमोजिमको तालिम सञ्चालन गर्दा सीप विकास तालिमको सूचना, छनोटको आधार पेश हुन आएन । तसर्थः उच्चतम प्रतिफल प्राप्त हुने गरी तालिमको मापदण्ड, छनोटको आधार निर्माणमार्फत तालिम सञ्चालन गर्नुपर्दछ ।

| गो.भौ.नं./मिती | विवरण | लाभान्वित संख्या | रकम |
|---|---|---|---|
| १२४६।०८०।३।१८ | व्युटी पार्लर सम्बन्धी तालिम | २० | ४९७००० |
| १२६५।०८०।३।१९ | सिलाइ कटाइ सम्बन्धी तालिम | २० | ९९००० |

१०५ **पकेट कार्यक्रमको कार्यान्वयन -** योजना तर्जुमा एवं छनौट गर्दा प्रतिफल प्राप्त हुने क्षेत्रमा स्थानीयको माग र आवश्यकताको आधारमा बजेट विनियोजन गरिनुपर्दछ। पालिकामा संघीय शशर्त हस्तान्तरित धान वाली प्रवर्द्धन कार्यक्रम रु.२५ लाख ५० हजार, आलु वीउ उत्पादनमा रु .१५ लाख, आर्थिक वर्ष २०७८/७९ स्थापना भएको तरकारी विकास कार्यक्रम रु.६ र खाद्यान्न वालीको उन्तत वीउ उपयोग अनुदान रु.८ लाख गरी रु.५४ लाख ५० हजारको कार्यक्रम स्वीकृत भई आएपनि कार्यक्रम सञ्चालन भएको छैन। डेसिस कार्यविधि बमोजिम खाद्यान्न वालीको उन्तत वीउ उपयोग अनुदान कार्यक्रम संचालन गर्दा स्रोत केन्द्र टाँढा भई ढुवानी खर्च नै महंगो पर्न जाने, पालिका क्षेत्रमा हालसम्म कसैले पनि चैते र मसिनो जातको धान नलगाएकोले धान वाली प्रवर्द्धन कार्यक्रम संचालन हुन नसकेको तर हाइब्रेड धानको मात्र माग भएको र आलु वीउ उत्पादन कार्यक्रमका लागि पालिकाले २०७९।०६।०९मा कार्यक्रम संचालन लागि प्रस्ताव आव्हानको सूचना प्रकाशन गरिएकोमा कुनै पनि प्रस्ताव नपरेको र यस पालिकामा केन्द्रबाट आलु उत्पादन गर्ने इजाजत प्राप्त संस्था कुनै पनि नभएको देखिएको छ। योजना तथा कार्यक्रमको लागि जनताको माग र आवश्यकताको आधारमा कार्यान्वयन योग्य योजना छनौट गरी आवश्यकता र माग बीच तालमेल हुनेगरी वजेटिङ्ग प्रणालीमा सुधार गरी लक्षित कार्य प्रगति हासिल गर्नुपर्दछ ।

१०६ **पकेट क्षेत्रको अनुगमन -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल. 2077 बमोजिम स्थानीय तहले पकेट विकास कार्यक्रम अन्तर्गत सञ्चालित क्रियाकलापहरुको एकल वा पकेट क्षेत्रका लाभग्राही एवं सरोकारवालाहरुको सहभागितामा संयुक्त अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष नयाँ तरकारीवाली पकेट विकास कार्यक्रम सञ्चालनको लागि रु.१२ लाख, नयाँ बाख्रा पकेट विकास कार्यक्रमका लागि रु.१५ लाख गरी जम्मा रु.२७ लाख अनुदान बितरण गरेको छ।पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी आत्मनिर्भरता हासिल गर्ने तथा अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१०७ **सहकारी -** पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका सहकारीको अनुगमन गर्नुपर्दछ।सहकारी सबै सदस्यहरुको समान अधिकार र हैसियत हुने व्यावसायिक सङ्गठन हो।पालिकाले उपलब्ध गराएको विवरणअनुसार यस पालिकामा साविक सहकारी डिभिजन कार्यालय,सुर्खेतबाट हस्तान्तरण भई आएका ६३ वटा र यस पालिकामा आर्थिक वर्ष २०७९/०८० मा दर्ता भएका ६ वटा गरी कुल ६६ वटा सहकारी संस्था मध्ये ३ वटा सहकारीले कार्यक्षेत्र विस्तार गरी प्रदेशको कार्याक्षेत्राधिकार अन्तर्गत रहेको, ३५ सहकारी सक्रिय, २१ सहकारी निष्क्रिय र ७ वटा सहकारी नभेटिएको जनाएको छ।पालिकाले आफ्नो क्षेत्राधिकारमा रहेको सहकारी संस्थाहरुलाई नियमन गरी उद्धेश्य अनुसार परिचालन गरी सक्रिय बनाउनुपर्दछ।

१०८ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले संघीय शशर्त र पालिकातर्फको गरी यस आर्थिक वर्षमा बोलपत्र मार्फत् रु. १८,०१,४२३।०० र पालिकाबाट सोझै खरिद मार्फत् रु.८,०७,२१८।- गरी कुल रु. २६,०८,६४१।- को औषधि खरिद गरेको छ ।यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न छन्।

औषधी खरिद गर्दा प्राप्त उक्त औषधी कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए / नभएको, आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई मात्र भण्डारण गर्नुपर्ने, औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश हुनुपर्ने, आपूर्ति भएका औषधी एंवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको मुचुल्का संलग्न गर्नुपर्ने लगायत व्यवस्था छ। पालिकाले उक्त कार्य नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउँदा माग फारामको आधारमा एकमुष्ट घटाउने गरेको लगायत अवस्था देखिएको छ ।तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०९ **स्वास्थ्य डायरी निर्माण** - पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ। पालिकाको स्वास्थ्य शाखाले शाखागत बजेट व्यवस्था गरी ५०० वटा स्वास्थ्य डायरी छपाईमा रु.४९९।४६ का दरले कुल रु.२,४९,९८४/- खर्च गरेको छ। पालिकामा आवश्यक पर्ने मालसामान जिन्सी लगायतका सामग्रीहरु पालिका खरिद इकाईबाट गर्नुपर्नेमा शाखाबाट गरेकोले नियमसंगत देखिँदैन। उक्त डायरीको अर्थपूर्ण आवश्यकता समेत देखिदैन ।अनावश्यक रुपमा शाखागत बजेट व्यवस्था गरी खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्ययिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ। तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी अनावश्यक खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

११० **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतीका आधारमा अनुमान गरी न्यानो झोला खरिद गरी वितरण गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष रु.६५०।८८ दरमा १००० थानको रु.६,५०,८८०/- को न्यानो झोला खरिद गरेकोमा अन्तर्गतका ५ बर्थिङ सेन्टरमा ४६१ जना प्रसुति भएको अभिलेखबाट देखिएकोले खरिद आवश्यकता पहिचान यथार्थ देखिएन। माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।

१११ **शीर्षक फरक पारी खर्च** - (३१६-२०८०-३-२३)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च

गर्नुपर्ने उल्लेख छ। पालिकाले संघीय सशर्त कोभिड-१९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत कार्यक्रमबाट स्वास्थ्य संस्थाहरुको बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीले रात्रीकालीन सेवा गरेबापत रु.१५० का दरले ५ स्वास्थ्य चौकीलाई रु.२,३९,५५०/- खाजा खर्च बापत भुक्तानी गरेको छ। संघीय सरकारको खर्च नभएको रकम फिर्ता गर्नुपर्नेमा शीर्षक फरक पारी भुक्तानी गरेको देखिएकोले सो रकम संघीय सञ्चितकोष फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३९,५५० |

११२ **पोषण कार्यक्रम** - स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन (शसर्त अनुदान मार्फत् हस्तान्तरित कार्यक्रम) बमोजिम पोषण कार्यक्रमहरुको समिक्षा गर्ने, वार्षिक प्रतिवेदनमा छलफल गर्ने, पोषण कार्यक्रमको विश्लेषण, मूल्याङकन गरी पिछडिएको वर्ग, असहाय, विपन्न, अति विपन्न समूहको लागि पोषण कार्यक्रम के कति समेटिएको छ वा छैन विश्लेषण गरि समेटिएका छैनन् वा न्यून छ भने उपयुक्त कार्ययोजना बनाउनुपर्ने उल्लेख छ । पालिकाले पोषण संवेदनशील विभिन्न कार्यक्रममा रु.८ लाख १६ हजार खर्च गरेकोमा पोषण सम्बन्धी कार्ययोजना बेगर खर्च गरेको छ। अतः पालिकाले पोषण सम्बन्धी कार्य गर्दा स्थानीय तह कार्यक्रम मार्गदर्शन बमोजिम कार्ययोजना बनाई अधिकतम प्रतिफल प्राप्त हुने गरी संचालन गर्नु पर्दछ ।

११३ **पोषण कार्यक्रम संचालन** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्थासंग सम्बन्धित कार्यक्रम संचालन गर्दा स्थानीय तह कार्य संचालन, सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम मार्गदर्शन, २०७९/०८० बमोजिम संचालन गर्नुपर्दछ। पालिकाले स्वास्थ्यसँग सम्बन्धित धेरै जसो कार्यक्रम संचालन गर्दा कार्य प्रगति भन्दा पनि दैनिक भ्रमण भत्ता खर्च र विविध एवं स्टशेनरी कार्यक्रममा खर्च भएको देखिन्छ। पालिकाले सञ्चालन गरेको पोषण सम्बन्धी कार्यक्रममा रु.२,४४,०००/- खर्च गरेकोमा दैनिक भ्रमण भत्ता र यातायातमा रु. ५९,८००/- खाजा लगायतमा खर्चमा रु. ११,८२०/- स्टेशनरीमा खर्च मा रु.२४,६२५/- खर्च गरेको देखियो । पालिकामा स्वास्थ्य सम्बन्धी कार्यक्रममा स्वास्थ्य चौकीका प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत नगराई स्वयंम दैनिक भ्रमण आदेश स्वीकृत गरी कार्यक्रममा सहभागी भएको देखिन्छ। स्वाथ्य कार्यक्रममा कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को विपरित पदाधिकारीलाई भत्ता समेत दिएको पाइयो। अतः स्वास्थ्यसँग सम्बन्धित कार्यक्रम, तालिम लगायत कार्यमा निर्देशिका बमोजिम लक्ष्य प्राप्ती हुने गरी कम लागतमा अधिकतम प्रतिफल हासिल हुने गरी संचालन गर्नुपर्दछ ।

११४ **विद्यालयगत निकासा खाता** - विधालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी र अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

११५ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५२ वटा सामुदायिक विद्यालयहरुमा २४० शिक्षक दरवन्दी रहेकोमा विद्यार्थीको संख्या १२७३९ जना रहेको देखिन्छ । पालिकाले विद्यार्थी संख्या अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ ।

११६ **विद्यालय लेखापरीक्षण** - सबै सरकारी निकायले आर्थिक वर्षको समाप्ती पश्चात् लेखापरीक्षण गराउनुपर्दछ।पालिकाले उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा ५१ विद्यालयमध्ये ४१ विद्यालयले लेखापरीक्षण सम्पन्न गराएका छन् भने बाँकी १० विद्यालयले लेखापरीक्षण सम्पन्न गराएका छैनन्। वित्तीय अनुशासन कायम गर्न गराउन विद्यालयहरुको लेखापरीक्षण अनिवार्य गराउनु पर्दछ ।

११७ **विद्यालयमा प्रोत्साहन अनुदान -** (२६६-२०८०।०३।१७) कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७९/०८०) २.८.९ क्रियाकलाप नं २.७.१३.१३ बमोजिम सार्वजनिक विद्यालयलाई विभिन्न किसिमको अनुदान दिने व्यवस्था रहेको छ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकबाट तपशिलका विद्यालयलाई रु.७४ लाख अनुदान उपलब्ध गराएकोमा विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनको अनुगमन गरी प्रभाव मूल्याङ्कन गरेको देखिएन । अनुदान रकमको प्रभावकारी सदुपयोग भए/नभएको अनुगमन गरी यकीन गर्नुपर्दछ ।

| क्र स | विद्यालयको नाम | कार्यसम्पादन अनुदान शीर्षक | | | |
|---|---|---|---|---|---|
| | | पुस्तकालय | विज्ञान प्रयोगशाला | कार्यसम्पादन अनुदान | जम्मा |
| १ | श्री सूर्यज्योति मा वि हर्रे | | ६५०००० | | ६५०००० |
| २ | श्री भगवती मावि चिउरीगौरा | ६५०००० | | | ६५०००० |
| ३ | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, भर्याङ | | ६५००००। | | ६५०००० |
| ४ | श्री सामुदायि मा वि मोहटी | | ६५००००। | | ६५०००० |
| ५ | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, सानोजात्री | ६५०००० | | | ६५०००० |
| ६ | श्री शारदा मावि छिञ्जु | | | ५०००० | ५०००० |
| ७ | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, तोलीखोला | | | ५०००० | ५०००० |
| ८ | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, अमिलाचौर | | | ५०००० | ५०००० |
| ९ | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, मदानीचौर | | | ५०००० | ५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, काठेघारी | | | ५०००० | ५०००० |
| ११ | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, घारीवान | | | ५०००० | ५०००० |
| १२ | सरसस्वती प्रा वि शान्तिपुर | | | ५०००० | ५०००० |
| १३ | जनज्योती माध्यमिक विद्यालय झिङ्नी | | | ३७००००० | ३७००००० |
| १४ | श्री नेपाल राष्ट्रियमाध्यमिक विद्यालय, अवलपराजुल | | | ५०००० | ५०००० |
| १५ | श्री जनआस्था प्रा वि टाँकुरी | | | ५०००० | ५०००० |

११८ **स्यानिटरी प्याड** - (३२२,२०८०।०३।२३) स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३,६०९ जना रहेकोमा पालिकाले संघीय सशर्त शीर्षकको एन्जल टच हाइजिङ म्यानुफ्याक्चरिङ प्रा.लि. (६०९८३३८९८) बाट ४५,००० थान (२८२ ब्याग) स्यानिटरी प्याड रु.२३ का दरले बोलपत्र मार्फत खरिद गरी रु.१२,३७,३५०।०० (मूल्य अभिबृद्धि कर समेत) भुक्तानी गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ।सेनिटरी प्याड कार्यविधि बमोजिम यसको गुणस्तर पर्याप्त भए नभएको , सुरक्षित तवरवाट भण्डारण भए नभएको , छात्राहरुको आवश्यकता अनुसार वितरण भए / नभएको ,महिनावारी स्वास्थ्य र किशोरी स्वास्थ्यका विषयमा छात्राहरुलाई जानकारी दिए/ नदिएको, कुनै प्रष्ट आधार भएको देखिँदैन। साथै कुन विद्यालयमा के कति मात्रामा प्याड वितरण भएको हो त्यसको भरपाई, वितरण भएका प्याड प्रयोगको अवस्था के कस्तो रहेको छ फोटा सहितको अनुगमन समितिको प्रतिवेदन समावेश भएको छैन । सेनिटरी प्याड कार्यविधि वितरण तथा व्यवस्थापनमा भए बमोजिम कार्य गर्नु पर्दछ ।

११९ **कार्य सम्पादनमा आधारित अनुदान** - कार्य सम्पादनमा आधारित अनुदान १८९,२०८०।०१।१३ र २६६, २०८०।०३।१७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) ले सरकारी कामको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई संलग्न गरी सो अनुसार भुक्तानी गर्नु पर्ने व्यवस्था छ।कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व.२०७९/०८०) २.८.९ क्रियाकलाप नं २.७.१३.१३ बमोजिम सार्वजनिक विद्यालयलाई विभिन्न किसिमको अनुदान दिने व्यवस्था रहेको छ।संघीय सशर्त अनुदान अन्तर्गत नमुना विद्यालयको नमुना व्यवस्थापकीय योजना कार्यान्वयनका लागि श्री जनज्योति माध्यमिक विद्यालय, झिङ्नीलाई कार्य सम्पादनमा आधारित अनुदान रु. ५० लाख र प्र.अ. र शिक्षकको लागि विद्यालयलाई प्रोत्साहन अनुदान रु.२ लाख गरी रु.५२ लाख विल भरपाई वेगर बजेट खर्च लेखेकोले उल्लिखित निकासा रकमको कार्य सम्पन्न गरी विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| क स | गोश्वारा भौचर नं र मिति | विद्यालयको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १८९-२०८०।०१।१३ | श्री जनज्योति माध्यमिक विद्यालय, झिङ्नी | १५००००० | |
| २ | २६६-२०८०।०३।१७ | श्री जनज्योति माध्यमिक विद्यालय, झिङ्नी | ३५००००० | |
| | | श्री जनज्योति माध्यमिक विद्यालय, झिङ्नी | २००००० | प्र.अ. र शिक्षकको लागि विद्यालयलाई प्रोत्साहन |
| जम्मा | | | ५२००००० | |
| | | | प्रमाण पेश नगरेको | ५२,००,००० |

१२० **IEMIS को तथ्याङ्क** - IEMIS को तथ्याङ्कः- कार्यक्रम कार्यान्वयन पुस्तिका (आर्थिक वर्ष २०७९/80) मा IEMIS मा प्रविष्ट, तथ्याङ्कलाई सम्बन्धित कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई दिवाखाजा छात्रवृति एवम् पाठ्यपुस्तक, लगायतका शिर्षकमा निकासा हुनुपर्दछ। पालिकाले अनुगमन गरी वास्तविक विद्यार्थी संख्याको आधारमा IEMIS मा तथ्यांकं अधावधिक गरी सोही आधारमा निकासा गर्ने कार्य गर्नु पर्नेमा आंशिक रुपमा गरेको पाइएकोले पालिकाले निकासा गरेको छात्रवृति, दिवा खाजा, पाठ्यपुस्तक, विद्यालय संचालन तथा व्यवस्थापन र अन्य व्यवस्थापन लगायतको विद्यार्थी संख्याको आधारमा निकासा हुने सवै अनुदानहरुको सम्वन्धमा पालिका, शिक्षा शाखा एवं विद्यालयले अनुगमन गरी एकिन गरिनु पर्दछ ।

१२१ **दिवा खाजा** -कार्यक्रम कार्यन्वय पुस्तिका (२०७९।८०) को २.८.७ मा सुर्खेत जिल्लाका स्थानीय तहले दिवा खाजा बापत प्रतिविद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई निकासा गर्ने, उक्त दिवा खाजा व्यवस्थापनका लागि दिवा खाजाको मेनु तयारी बनाउने एवं खाजाको गुणस्तर सम्बन्धमा स्थानीय तहले अनुगमन गर्नुपर्ने व्यवस्था छ। साथै दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पुरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले अन्तर्गतका ५१ वटा विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन वापत रु.१,१५,८०,५९५।०० निकासा गरेको छ। निर्देशिकाले तोके बमोजिमको दिवा खाजाको मेनु तयार एवं यसको गुणस्तर सम्बन्धमा अनुगमन समेत भएको पाइएन। जसले गर्दा कुन गुणस्तरका खाजा खुवाएको हो सो विषयमा एकिन हुन सकेन। अत पालिका भित्रका विद्यालयमा संचालित दिवा खाजा कार्यक्रम प्रभावकारी भए/नभएको सो विषयमा अनुगमन गर्नुपर्दछ ।

१२२ **नमुना विद्यालय भवन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९/८० को ८.३ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरूको प्राथमिकतामा उल्लेख गरेका कार्यक्रम सञ्चालन गर्नु पर्ने साथै विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली र विद्यालय खरिद दिग्दर्शनभित्र रही निर्माण कार्य सञ्चालन गर्ने तथा बजेट विद्यालयलाई उपलब्ध गराउँदा विगत वर्षबाट निर्माण कार्यको प्रगति, स्वीकृत गुरुयोजनाको वार्षिक कार्यान्वयन

योजना र यस आवमा निर्माण गर्ने कार्यक्रमको लागत अनुमानसहित अनुदान माग गर्न लगाई स्वीकृतका आधारमा विद्यालयसँग सम्झौता भए पश्चात पहिलो किस्ताको रूपमा कुल अनुदान रकमको ५० प्रतिशत रकम अनुदान दिने व्यवस्था छ । नमुना विद्यालय जनज्योति मावि, झिङ्नीको स्वीकृत गुरुयोजना अनुसार रु.१ करोड वजेट प्राप्त भएकोमा विद्यालयलाई रु.७६ लाख पेश्की स्वरुप निकासा दिएको छ । विद्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिश्पर्धा गराई बोलपत्र भएकोमा निर्माण व्यवसायी पूर्ण निर्माण सेवासंग रु.८०,४२,९०२/- मा भवन निर्माण गर्न २०७९।१२।०१ मा सम्झौता गरेको देखियो । निर्देशिका अनुसार सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई रु.१ करोड निकासा जाने रकम खरिद नियमाली बमोजिम प्रतिष्पर्धा गराउदा घटेको रकम अनुसार भुक्तानी गर्दा मितव्ययी देखिएको छ ।विद्यालयबाट बोलपत्र लगायत खरिद जनशक्ति उपलब्ध नहुने भएकोले निर्देशिकाले निर्माण रेखदेखको जिम्मा स्थानीय निकायलाई दिएको सन्दर्भमा अन्य विद्यालयको निर्माण कार्य समेत पालिकाबाट बोलपत्र गराई खर्च गर्न उपयुक्त देखिएको छ ।निर्देशिका अनुसार निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार पालिकाले बाँकी रकम निकासा दिनुपर्ने देखिन्छ ।

१२३ **विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्रीमा बढी भुक्तानी** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/०८० को २.८.२ क्रियाकलाप २.७.१३.५० मा अनुदान प्राप्त गर्ने विद्यार्थीको संख्याको आधारमा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले यस वर्ष प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सामाग्रीवापत् ५१ वटा विद्यालयलाई रु.२७,७८,४००/- निकासा दिएको छ। नमुना परीक्षण गरी हेर्दा तपशिलका विद्यालयमा विद्यार्थीको हाजिरी संख्या भन्दा बढी प्रति विद्यार्थी सामाग्रीबापत रु.१०,०५०/- बढी निकासा भएकोले बाँकी विद्यालयको तहाँ पालिकाले नै छानविन गर्नुपर्ने र सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

| क्र.सं. | कक्षा | विद्यालयको नाम | निकासा भएको संख्या | विद्यालयमा उपस्थित संख्या हाजिरी बमोजिम | प्रति लागत सिकाइ सामग्री दर | बढी निकासा भएको रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १देखि ५ | हिमालय प्रा.वि.लामाखाली | १२५ | १०१ | १५० | ३६००।- | |
| २ | १देखि ५ | शारदा मा.वि. भेरीगंगा २ | १४६ | १११ | १५० | ५२५०।- | |
| ३ | इ.सि.डि | शारदा मा.वि. भेरीगंगा २ | २० | १७ | ५०० | १५००।- | |
| जम्मा | | | | | | १०,३५०।- | |
| | | | | | | असुल गर्नुपर्ने | १०,३५० |

१२४ **पदपूर्ति समिति बैठक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च गर्ने कार्यविधि र मापदण्ड (२) बमोजिम सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। नमुना परीक्षणका

क्रममा पालिकाले कृषि तर्फ वागवानी विकास अधिकृत र पशुतर्फ पशु चिकित्सकको भर्ना छनौट कार्यमा पदपूर्तिको बैठक खर्चका लागि विभिन्न चरणमा गरी रु.८०,०००।- खर्च लेखेको छ। पालिकाले मूल्याङ्कन तथा सिफारिस समितिको बैठक बस्दा बैठकमा रहने समिति सदस्य भन्दा बढी संख्यामा आमन्त्रित राखी खर्च लेखेको पाइयो। अत यस्ता प्रकृतिको कार्य गर्दा तोकिएको नर्म्सको पालना गरी कम खर्चमा बढी प्रतिफल प्राप्त हुने गरी गर्नुपर्दछ ।

१२५ **आन्तरिक लेखापरीक्षण**- स्थानीय सरकार संञ्चालन ऐन, २०७४को दफा ७७)२(मा स्थानीय तहले कानुन बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै ७७)३ (मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिमलेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ। पालिकाले आन्तरिक लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु सम्वन्धमा कारवाही अगाडी बढाएको नदेखिएको निम्न अनुसार व्यहोरा कायम गरिएको छ ।

१२५.१ (२९-२०७९-११-१४) झिंगेनारा खानेपानी ट्रस्ट निर्माण उपभोक्ता समितिलाई प्राविधिक बील भन्दा रु.१,१४६।७४ बढी भुक्तानी दिएको हुँदा उक्त बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१४६.७४ |

१२५.२ (४१६-२०८०-३-२३)चन्द्रोदय माध्यमिक विद्यालयलाई डोर हाजिरी प्रमाणीत नगरी रु.१७८९०।३२ भुक्तानी गरेकोले जनश्रमदान वापतको डोर हाजिर प्रमाणित गरेको कागजात पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,८९०.३२ |

१२५.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले मिति २०७९।११।२८ गतेको गो.भौ.नं.६७२ मा अमिन डिकेन्द्र पौडेलले भ्रमण आदेश लिएर कामकाज सम्पन्न पश्चात भ्रमण प्रतिवेदन पेश गरी भ्रमण भत्ता भुक्तानी लिनु पर्नेमा प्रतिवेदन पेश नभएको हुँदा उक्त कारोबार प्रमाणित हुने कागजात पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००० |

१२५.४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले मिति २०८०/०२/०४ गतेको गो. भौ.नं.२२१ मा कालिखोला कृष्णबहादुर नेपालीको खेतसम्म ५० एमएम मोटर पाइप खरिद उ.स.लाई जनश्रमदानको डोर हाजिरी भरपाई नभइ भुक्तानी दिएको हुँदा उक्त कारोबारको प्रमाणित हुने कागजात पेश हुनु पर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,५८७.४९ |

१२५.५ भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमाण गर्ने कर्मचारी वा पदाधिकारीले भ्रमण गर्नु अघि अधिकार प्राप्त अधिकारी बाट भ्रमण आदेश स्वीकृत गरेर मात्र भ्रमण गर्नु पर्ने व्यबस्था छ । पालिकाका निम्न कर्मचारिहरुले विभिन्न मितिमा भ्रमण गर्दा आफैले भ्रमण आदेश स्वीकृत गराएर भ्रमण गरेको हुँदा भ्रमण गर्ने कर्मचारिलाई उत्तरदायी बनाई भ्रमण गर्ने कर्मचारीबाट उक्त रकम असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,९०० |

१२५.६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ।पालिकाले मिति २०८०।१।१३ गतेको गोश्वारा भौचर ४२ मा उत्तर पुस्तीका परिक्षण वापत शेर बहादुर सार्कीले भुक्तानी दिएकोमा सम्बन्धीत कागजात पेश नभएको हुदा कागजात पेश हुने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३०,२५० |

१२५.७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ।पालिकाले गोश्वारा भौचर न ५- २०७९।९।१२ मा भ्रमण तथा अनुगमन वापतको स्वास्थ्य शाखा संयोजक नेत्र बहादुर देवकोटा लाइ भुक्तानी दिकएको कागजात नभएको हुदा कागजात पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५५० |

१२५.८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ।पालिकाले मिति २०८०/०२/११ गतेको गो. भौ.नं.२२० मा इन्जिनियर विजयकुमार खत्रीको भ्रमण भत्ताको भुक्तानीमा भ्रमण प्रतिवेदन तथा भ्रमणको उध्येश्य खुल्ने कागजात नभएको हुदा उक्त कारोबार प्रमाणित हुने कागजात पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८०० |

१२५.९ **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ मा यस नियमावली बमोजिम पाउने सुविधा लिने प्रयोजनको लागि भ्रमण गर्ने कुनै पदाधिकारी वा कर्मचारीले झुट्टा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुट्टा विवरण पेश भुक्तानी लिएको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलबबाट कट्टा गरी निजलाई कारवाही गर्ने व्यवस्था रहेको छ । मिति २०७९।१२।२१ को गोश्वारा भौचर ८१८ मा सामाजिक परिचालन गोरख बहादुर बुढा हाँजिरमा उपस्थित भएर भ्रमण भत्ता बुझेको हुदा उक्त रकमको दोब्बर असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८०० |

१२५.१० आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकालले मिति २०७९।०९।०६ को गो. भौ.नं. ३१७ मा नेपाल पत्रकार महासंघलाई रु.१,००,०००। बिल भरपाई तथा कार्य सम्पन्न कागजात बिना भुक्तानी दिएको हुदा उक्त कारोबारको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

१२५.११ **विल भर्पाइ बेगरको भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले मिति २०८०।३।१ को गोश्वारा भौचर ११७८ मा विल भर्पाइ विना कर्णाली प्रदेश आइ टी एफ २) तेकवान्डो संघलाइ भुक्तानी दिदा विल भर्पाइ बेगर भुक्तानी दिएको हुदा उक्त कारोबारको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,००० |

१२६ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आन्तरिक लेखारीक्षणको लागि आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छैन । पालिकाले आन्तरिक लेखापरीण शाखा स्थापना गरी दरबन्दी अनुसार कर्मचारी पूर्ति गरी लेखापरीक्षण गर्नु पर्नेमा पालिकाले हालसम्म शाखा स्थापना गरी आन्तरिक लेखापरीक्षण गर्ने/गराने तदारुकता देखिएको छैन । कानूनी आधारबेगर पालिकाकै कर्मचारीबाट लेखापरीक्षक नियुक्त गरी आन्तरिक लेखापरीक्षण गराउदै आएको छ । कार्यपालिकाको २०८०/०६/१२ को निर्णयले वडा नं.७ का वडा सचिव धन बहादुर सुनार र सहायस्तर चौथो कमलसिंह वि.क.लाई जिम्मेवार तोकी आन्तरिक लेखापरीक्षण गरेको छ । वडा सचिवबाट वडाको वर्षभरीको सम्पुर्ण कारोबार सञ्चालन गरेको तथा सोही श्रेष्ता नै उक्त कर्मचारीबाट लेखापरीक्षण गराउनु कानुनी मान्यता तथा लेखापरीक्षणको सिद्धान्त विपरित देखिन्छ । साथै कार्यपालिको निर्णय जनाई आन्तरिक लेखापरीक्षण गर्ने कर्मचारीलाई रु.४०,०००/- का दरले रु.८०,०००/- भुक्तानी दिएकोले समेत कानुनी आधार देखिएको छैन । कानून बमोजिम स्थापना गर्नुपर्ने आलेप शाखा स्थापना नगरी कार्यापलिकाले पटके निर्णयबाट आन्तरिक लेखापरीक्षक नियुक्त गरी खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई आलेप शाखा गठन नगर्नुको कारण पुष्टी हुने प्रमाण संलग्न गरी आर्थिक अनुशासन कायम भएको आधार समेत उल्लेख गरी नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ८०,००० |

१२७ **छोरी बचत -** प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरुमाथीको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कारको रुपमा रहेको वालविवाह रोक्न र बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैंक खाता छोरीकोः सुरक्षा जीवन भरीकै" कार्यक्रम गत विगत देखिने कार्यान्वयनमा रहेको छ । कार्यक्रम संचालन निर्देशिका अनुसार खाता सिफारिस भएका छोरीहरुको

खातामा प्रत्येक महिना रु.५००।— दरले रकम जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा यो वर्ष रकम जम्मा गरेको छैन । कार्यक्रम शुरु भएको ४ वर्ष(२०७६।७७ देखि ०७०।८० सम्म) जम्मा ६८२ छोरी वच्चा जन्मदर्ता गरी बैंक खाताका लागि सिफारिस भएकोमा आर्थिक वर्ष २०७८।७९ मा खातामा पठाउनु पर्ने रकम मध्ये रु.३३ लाख ३५ हजारमात्र भुक्तानी गरी पुरै रकम बाँकी देखिएकोमा यस वर्ष २५५ जना बच्चाका लागि खाता सिफारिस गरे पनि वजेट व्यवस्था भइ नआएकोले रकम बैकमा जम्मा गर्न सकेको देखिएन ।प्रदेश सरकारले महत्वकाक्षी योजनाको रुपमा दीर्घकालीन दायित्व बढ्नेगरी संचालित सो कार्यक्रमको भुक्तानी हुन नसक्दा सार्वजनिक दायित्व पूरा गर्न सकेको देखिएन ।कार्यक्रम संचालन गर्दा उपयुक्त आधार वेगर भएको निर्णमा पुनर्बिचार गर्नु पर्दछ ।

१२८ **प्रधानमन्त्री रोजगार** - स्थानीय तहमा रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्‍याउने तथा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत पालिकाको प्रतिवडा १ योजनाका दरले १३ वडामा योजना सञ्चालन गरी ६६ जनालाई औसत १०० दिनले रोजगारी उपलव्ध गराई रु.३३,८५,२५९/- श्रमिक ज्याला खर्च गरेको छ ।अनुसूची-३ मा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम एक सय दिनको रोजगारी उपलब्ध गराउनुपर्ने व्यवस्था भएपनि पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम १०० दिन र न्यूनतम ३५ दिन मात्र श्रमिकले रोजगार पाएको देखिन्छ। सुचिकृत भएका ४३४ व्यक्ति मध्ये ६६ बाहेक ३६८ जनाले सय दिनको रोजगार प्राप्त गरेको देखिंदैन।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ

१२९ **संचार खर्च** - रोजगार संयोजकसंग भएको सम्झौतामा सञ्चार सुविधा दिने व्यवस्था छैन ।प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि कार्यालय व्यवस्थापन शीर्षकमा सञ्चार खर्चको लागि रु.१० हजार विनियोजन भएकोमा रोजागर संयोजकले मोबाइल रिचार्ज गरी खर्च लेखेको छ ।कार्यालयमा इन्टरनेट लगायत अन्य सञ्चार खर्चका लागि विनियोजित सो रकम व्यक्तिगत मोबाइलमा रिचार्ज गरी खर्च गर्न मिल्ने नदेखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

१३० **मुख्यमन्त्री रोजगार** - मुख्यमन्त्री रोजगार कार्यक्रम कर्णाली प्रदेशका बेरोजगार युवालाई रोजगारी दिने उद्धेश्यले मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यविधि, २०७८ जारी भई मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधिको परिच्छेद-३ (६) मा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने र ज्याला वापतको रकम श्रमिकको बैंक खातामा निकासा गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमा छनोट भएका १३ वटा कार्यक्रम सञ्चालनमा रु.१,७८,९३,६६१/- खर्च भएको छ । पालिका अन्तर्गत छनोट भएका योजनामा अधिकतम ७० दिन र न्यूनतम ९ दिन मात्र श्रमिकले रोजगार पाएको

देखिन्छ । सूचीकृत भएका व्यक्ति ४३४ मध्ये १०० एक सय दिनको रोजगार प्राप्त गरेको देखिदैन । १३ वटा कार्यक्रम सम्पन्न गर्न सुचिकृत भएका ३५५ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन् । कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगार सूचीमा सूचीकृत भएका सम्बन्धित क्षेत्रका बेरोजगारलाई रोजगारी दिने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१३१ **सामाजिक सुरक्षा तर्फ**

१३१.१ **निकासा खर्च** - तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष रु.१८,३७,६५,४९६/- बैकिङ प्रणालीमार्फत लाभग्राहीको बैक खातामा वितरण गर्न पठाएकोमा तीन चौमासिकको हिसाव मिलान गरी वितरण नभई बाँकी रहेको रु.१,३३,५४२.१४ बैङ्क फिर्ता दाखिला भएको छ ।

१३१.२ **सामाजिक सुरक्षा फिर्ता रकम** - पालिकाले सामाजिक सुरक्षा वापत लाभग्राहीको खातामा जम्मा हुन नसकेको रकम बैङ्कबाट पालिकाको खातामा फिर्ता गर्नु पर्दछ ।पालिकाले सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामा जम्मा गर्न निम्न बमोजिमका रकम लाभग्राहीको खातामा पठाएकोमा खातामा जम्मा भएपछिको मौज्दात रकम लेखा परीक्षणको समय सम्म फिर्ता भएको छैन ।एकिन गरि फिर्ता गर्नु पर्दछ।

| बैङ्कको नाम/ किस्ता | पहिलो चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | चौथो चौमासिक | जम्मा |
|---|---|---|---|---|---|
| कुमारी बैङ्क | १४१०२६१४ | १५१५९४२४ | १५०८७६५९ | १५३९०९६५ | ५९७४०६६२ |
| हिमालयन बैङ्क | १३६२४५३२ | १४३१८२०६ | १४३५४८४० | १४६२३७६२ | ५६९२१३४० |
| प्राइक कमर्सियल | ४५६६९७५ | ४८८७७५१ | ४९६९८२९ | ५१२८४२० | १९५५२९७५ |
| | | | | **जम्मा** | **१३६२१४९७७** |

१३१.३ **लगत अद्यावधिक** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा प्राप्त गरिरहेका सवै प्रकारका लाभग्राहिले अगामी आर्थिक बर्षमा भत्ता लिनका लागि तोकिएको ढाँचामा सो कार्यविधिको दफा ५(१)मा उल्लेखित समयाबधी भित्र सम्बन्धीत पालिकामा दरखास्त दिनुपर्ने ब्यवस्था छ। मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । सो सम्वन्धी विवरण अध्यावधिक गरेको पाईएन।तसर्थ भत्ता पाउनेको विवरण अध्यावधिक गरेर मात्र भत्ता वितरण गर्न तर्फ पालिकाले ध्यानदिनु पर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

**कार्यालय र स्थान** : भेरिगंगा नगरपालिका, सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कृष्ण प्रसाद पोखेल | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मान बहादुर ठाडा | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण-**

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,५८४,३५२.७४ | ४०,२५७,३५९.१ | २५,५५८,१२३.८१ | ० | ० | १५,९३९,१५४ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ९२,३३८,९८९.६५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फर्छ्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २०९,६१४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ९२,१२९,३७५.६५ |

**स्थानीय** तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १३६८१८६३९.३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६०५०८९९५.६३ | **चालु खर्च** | ५८०७१९४०९.२६ |
| **प्रदेश सरकारबाट अनुदान** | ६४६८२३७८.८ | **पूँजीगत खर्च** | १६२३१०९३२.४५ |
| **राजश्व बाँडफाँट** | ९९१००८८८.७६ | **वित्तीय/अन्य व्यवस्था** | २०६७३८७५३.९१ |
| **आन्तरिक आय** | १७१६८०००.८८ | | |
| **अन्य आय** | २३८२१७२९९.४७ | | |
| **कुल आय** | ८७९६७७५६३.५४ | **कुल खर्च** | ९४९७६९०९५.६२ |
| | **बाँकी मौज्दात** | ६६७२७१०७.२२ | |